
जेठ – २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क ४ | २०७१, जेठ १६–३१ | पूर्णाङ्क ५२६ |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं



फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

सम्माननीय प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा, सर्वोच्च अदालत - अध्यक्ष
रजिस्ट्रार श्री लोहितचन्द्र शाह, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुर सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइण्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर बुकबाइण्डर श्री तेजराम महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइण्डर श्री यमनारायण भडेल
बुकवाइण्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइण्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री सीता धिताल
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त | ६ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | १९ |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | १० |
| इजलास नं. ५ | १६ |
| इजलास नं. ६ | १ |
| एकल इजलास | ४ |
| अन्तरिम आदेश | १३ |
| रीत/बेरीत आदेश | ८ |
| जम्मा | ९२ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७०, चैत – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीमा सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१** |
| १. | उत्प्रेषण परमादेश | श्यामसिंह पाण्डेसमेत वि. ज्योति पाण्डेसमेत | |
| **संयुक्त इजलास** | | | **१-३** |
| २. | उत्प्रेषण परमादेश | मोहम्मद दायदसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ३. | उत्प्रेषण परमादेश | डा.सुरेन्द्र रायसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | उत्प्रेषण परमादेश | ताराप्रसाद गैरेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५. | लेनदेन | शेख शाखा महमद वि. बाबुलाल महतो नुनिया | |
| ६. | परमादेश | जिल्ला प्रहरी कार्यालय, रूपन्देही वि. हरिराम बरई | |
| **इजलास नं. १** | | | **३-५** |
| ७. | बन्दी प्रत्यक्षीकरण | मचा महर्जनका हकमा राजेश डंगोल वि. केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगन्ज काठमाडौंसमेत | |
| ८. | बन्दी प्रत्यक्षीकरण | सन्तनु त्रिपाठीको हकमा आमा डा.मालीका प्रसाई वि. डा.गिरीराज त्रिपाठी | |
| ९. | मोही प्रमाणपत्र | रेणुकुमारी वि. रामआश्रय मुखिया बिन | |
| १०. | मोही प्रमाणपत्र | मन्सीफ महासेठ सुडी वि. शिवनारायण शाह हलुवाई | |
| **इजलास नं. २** | | | **५-१३** |
| ११. | अंश चलन | संगम मानन्धर वि. मुक्ति मानन्धरसमेत | |
| १२. | अंश दर्ता चलन | यमुना खत्रीसमेत वि. पूर्णध्वज खत्री | |
| १३. | परमादेश | अधिवक्ता हेममणि सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १४. | ट्रेडमार्क बदर | ज्ञानप्रसाद रेग्मी वि. शिवशक्ति घिउ उद्योग प्रा.लि., बारा | |
| १५. | अन्त: शुल्क छली निकासी | आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ लाजिम्पाटको तर्फबाट ऐ.का प्रमुख कर प्रशासक महेन्द्रराज गुरूङ वि. पियूषबहादुर अमात्यसमेत | |
| १६. | बन्दी प्रत्यक्षीकरण | ध्रुबराम प्रसाई वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | |
| १७. | निषेधाज्ञा | वीरध्वज थापा वि. राजु थापासमेत | |
| १८. | उत्प्रेषण परमादेश | कृष्णकुमार यादवसमेत वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत | |
| १९. | लागु औषध खैरो हिरोइन | भीमबहादुर श्रेष्ठ वि. नेपाल सरकार | |
| २०. | उत्प्रेषण परमादेश | अञ्जना ओझासमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत | |
| २१. | बन्दी प्रत्यक्षीकरण | कर्णबीर उपरकोटी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | |
| २२. | उत्प्रेषण | कुलनाथ पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २३. | उत्प्रेषण | शोभाकर न्यौपाने वि. अवधेशप्रसादसमेत | |

| | | |
|---|---|---|
| २४. | उत्प्रेषण | राजकिशोर यादव वि. पशु सेवा विभाग, हरिहरभवन, ललितपुरसमेत |
| २५. | कर्तव्य ज्यान | दीपक भन्ने विजय नेपाली वि. नेपाल सरकार |
| २६. | कर्तव्य ज्यान | परशुराम भन्ने चलित्रबहादुर खड्का वि. नेपाल सरकार |
| २७. | कर्तव्य ज्यान | कान्छीमाया वाइबा वि. नेपाल सरकार |
| २८. | कर्तव्य ज्यान | बिन्दुमाया तामाङ वि. नेपाल सरकार |
| **इजलास नं. ३** | | **१३-१८** |
| २९. | निषेधाज्ञा | मदनराज विष्टसमेत वि. जिल्ला वन कार्यालय, कन्चनपुरसमेत |
| ३०. | परमादेश | अमरलाल ताजपुरिया वि. प्र.जि.अ., जि.प्र.का. मोरङसमेत |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हुमलाल धितालसमेत |
| ३२. | निषेधाज्ञा | मोतीदास महन्थ वैरागी वि. मधुकर यादव |
| ३३. | अदालतको अपहेलना | मोतीदास महन्थ वैरागी वि. मधुकर यादव |
| ३४. | कर्तव्य ज्यान | सीतादेवी कुँवर वि. नेपाल सरकार |
| ३५. | सवारी ज्यान | नेपाल सरकार वि. पूर्णबहादुर बोहरासमेत |
| ३६. | कर्तव्य ज्यान | पर्शुबहादुर गाहामगरसमेत वि. नेपाल सरकार |
| ३७. | उत्प्रेषण परमादेश | पशुपति चौधरी वि. राकेश पण्डितसमेत |
| **इजलास नं. ४** | | **१८-२२** |
| ३८. | कर्तव्य ज्यान कुटपीट अङ्गभङ्ग | विजय परियार वि. नेपाल सरकार |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. माया शर्मा |
| ४०. | उत्प्रेषण परमादेश | ईश्वरबहादुर निरौला वि. सशस्त्र प्रहरी बल, गढीमाई गण, भण्डारा चितवनसमेत |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पूर्ण लिम्बू |
| ४२. | परमादेश | जयराम सैथवार वि. जि.प्र.का. भैरहवासमेत |
| ४३. | माना चामल | चित्रबहादुर थापा वि. देवेन्द्र थापाको हकमा र आफ्नो हकमासमेत छमया थापा |
| ४४. | कुलोपानी | गणेशबहादुर श्रेष्ठ वि. गोपीलाल भन्ने जीतबहादुर मगरसमेत |
| ४५. | उत्प्रेषण | बिनोदकुमार उपाध्याय वि. सामान्य प्रशासन मन्त्रालयसमेत |
| ४६. | उत्प्रेषण | का.जि.का.म.न.पा. हात्तीसार स्थित गोर्खा ब्रुअरी प्रा.लि. वि. मदन पौडेलसमेत |
| ४७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चुलहाई चौधरीसमेत |
| **इजलास नं. ५** | | **२२-२८** |
| ४८. | कर्तव्य ज्यान | केशव रानासमेत वि. नेपाल सरकार |
| ४९. | उत्प्रेषण | हरिनारायण साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ५०. | अदालतको अपहेलना | प्रमीलाकुमारी यादव वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत |
| ५१. | निषेधाज्ञा | सिपेन्द्रबहादुर निरौलासमेत वि. तेह्रथुम जिल्ला, हमरजुङ् गा.वि.स.को कार्यालयसमेत |
| ५२. | निषेधाज्ञा | शशिकुमार चौरसिया वि. जिल्ला शिक्षा कार्यालय, पर्सा विरगन्जसमेत |
| ५३. | लेनदेन | राजेश्वरी लोध वि. सुनरावती लोध |

| | | |
|---|---|---|
| ५४. | जग्गा नामसारी | रामकृष्ण कायष्ठ वि. चन्द्रकृष्ण कायष्ठसमेत |
| ५५. | उत्प्रेषण परमादेश | विजेश गाईजु वि. हरिहर पोखरेलसमेत |
| ५६. | बन्दी प्रत्यक्षीकरण | सौरभ राणा वि. होमनाथ सिटौला |
| ५७. | भ्रष्टाचार | विपीनकुमार आले वि. नेपाल सरकार |
| ५८. | अंशबण्डा समेत | रमेश पुरी वि. श्रीमती गीता पुरी सिलवालसमेत |
| **इजलास नं. ६** | | **२८** |
| ५९. | निषेधाज्ञा | नन्दराज पोखरेल वि. जि.वि.स. भद्रपुर झापासमेत |
| **एकल इजलास** | | **२८-३०** |
| ६०. | उत्प्रेषण | सुन्दरपति देवीसमेत वि. मनोज चौधरी कलवारसमेत |
| ६१. | उत्प्रेषण | बद्रीप्रसाद पराजुली वि. रस्मी चापागाईंसमेत |
| ६२. | उत्प्रेषण परमादेश | युवराज पौडेल वि. लोकसेवा आयोग, कन्द्रीय कार्यालय, काठमाडौं |
| ६३. | उत्प्रेषण परमादेश | चन्दादेव शुक्लासमेत वि. श्रीमती मीना शुक्लासमेत |
| **अन्तरिम आदेश** | | **३०-३४** |
| ६४. | उत्प्रेषण | लक्ष्मणप्रसाद अग्रवाल वि. ऊर्जा मन्त्रालयसमेत |
| ६५. | उत्प्रेषण | रविना थापा भुजेल वि. पुनरावेदन अदालत, पोखरासमेत |
| ६६. | उत्प्रेषण | अधिवक्ता श्रीप्रसाद पण्डित वि. व्यवस्थापिका संसदको संसदीय सुनुवाई समिति |

| | | |
|---|---|---|
| ६७. | प्रतिषेध | विवेक आले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ६८. | उत्प्रेषण | देवीप्रसाद बराल वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत |
| ६९. | उत्प्रेषण | इन्द्रबहादुर थिङसमेत वि. युवा तथा खेलकुद मन्त्रालयसमेत |
| ७०. | उत्प्रेषण | नरबहादुर बुढासमेत वि. पु.वे.अ. बाग्लुङसमेत |
| ७१. | उत्प्रेषण | हेमचन्द्र झा वि. पु.वे.अ. जनकपुरसमेत |
| ७२. | उत्प्रेषण | चाँदनीदेवी झा वि. पु.वे.अ. राजविराजसमेत |
| ७३. | उत्प्रेषण | हरेराम साहसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत |
| ७४. | उत्प्रेषण | बटुकलाल श्रेष्ठ वि. जि.प्र.का. चितवनसमेत |
| ७५. | उत्प्रेषण | रामविलास मुसहरसमेत वि. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत |
| **रीत/बेरीत आदेश** | | **३५-३६** |
| ७६. | कर्तव्य ज्यान | सिंहबहादुर तामाङसमेत वि. नेपाल सरकार |
| ७७. | बैङ्किङ कसूर | श्रीरामप्रसाद लामिछाने वि. नेपाल सरकार |
| ७८. | बैङ्किङ कसूर | देवनारायण अनामणि श्रेष्ठ वि. नेपाल सरकार |
| ७९. | अंश | रूद्रबहादुर शाही ठकुरी वि. रत्नकुमारी शाही |

## सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसंक्षेप संकलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १ : संवैधानिक कानून
  भाग २ : सार्वजनिक सरोकार
  भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
  भाग ४ : देवानी कानूनः सम्पत्ति
  भाग ५ : देवानी कानूनः पारिवारिक
  भाग ६ : फौजदारी कानूनः सरकार वादी
  भाग ७ : फौजदारी कानूनः दुनिया वादी
  भाग ८ : कार्यविधि कानूनः देवानी
  भाग ९ : कार्यविधि कानूनः फौजदारी
  भाग १० : उद्योग, वाणिज्य र कर
  भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
  - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
  - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
  - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
  - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)
- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## पूर्ण इजलास

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-NF-०००७, उत्प्रेषण परमादेश, *श्यामसिँह पाण्डेसमेत वि. ज्योति पाण्डेसमेत*

रिट निवेदक शिवहरि पौडेल वि. कृषि विकास बैङ्क लिमिटेड भएको उत्प्रेषण विषयको संवत् २०६३ सालको रिट नं. १०६९ मा कायम भएको नजीर सिद्धान्तविपरीत हुने गरी यस अदालतको संयुक्त इजलासबाट कृषि विकास बैङ्क लिमिटेडको विज्ञापन नं. ४।०६४।०६५ को कानूनप्रतिकूल पदसंख्या आठ र विज्ञापन नं. ५।०६४।०६५ शाखा अधिकृत पदसंख्या पन्ध्रको लागि मिति २०६४।५।५ मा प्रकाशित विज्ञापन एवं लिखित परीक्षासमेत रद्द गर्ने गरी विपक्षीहरूबाट भएको निर्णय एवं सोसम्बन्धी सम्पूर्ण कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर भै लिखित परीक्षामा उत्तीर्ण निवेदकहरूको अन्तर्वार्ता लिई उम्मेद्वार छनौटको कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।२।२६ मा भएको आदेश पुनरालोकन गर्दा कायम राख्नु मनासिब देखिन आएन । परिणामत: प्रस्तुत मुद्दाका विपक्षी ज्योति पाण्डेसमेतले दिएको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल कात्तिक ७ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-WO-०३८७, उत्प्रेषण परमादेश, *मोहम्मद दाउदसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदकको सार्थक सरोकार रहेको स्वास्थ्य सेवाको ११ औं तहको खुल्लातर्फको मिति २०६७।६।२७ को सूचना नं. १८५/०६७-६८ को विज्ञापन यस अदालतको मिति २०६७।८।२३ को आदेशले यथास्थितिमा रहेकोमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०६९ को दफा ८(५) मा समावेशी सिद्धान्तको व्यवस्था गरिएबाट सोही समानुपातिक समावेशी सिद्धान्तको आधारमा पदपूर्ति गर्न कारवाही अगाडि बढाउनु भनी विपक्षीहरूमध्ये लोकसेवा आयोगको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ ९ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६८-WO-०८०७, उत्प्रेषण परमादेश, *गोपाल महर्जनसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

२

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-WO-०५१६, उत्प्रेषण परमादेश, *डा. सुरेन्द्र रायसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

राज्यको सबै सेवालाई समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी गराउने संवैधानिक व्यवस्थाअनुरूप स्वास्थ्य सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत छुट्ट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिला, आदिवासी जनजाती, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेद्वारहरूका बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिने नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(५) मा व्यवस्था भई उक्त ऐनले संवैधानिक प्रावधानअनुरूप समावेशी तथा समानुपातिक सिद्धान्त अनुशरण गरिसकेको हुँदा स्वास्थ्य सेवामा समानुपातिक सिद्धान्तका आधारमा सबै वर्ग र क्षेत्रको सहभागिता सुनिश्चित गरेको देखिँदा मिति २०६७।८।८ मा थप भएको पदसंख्यासमेतलाई २०६७।७।२४ को विज्ञापनको पदमा समावेश गरी उपरोक्त पदसंख्यालाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०६९ को दफा ८(५) बमोजिमको समावेशी सिद्धान्तको आधारमा पदपूर्ति गर्न पहिला भरिसकेको दरखास्त फारामलाई समेत समावेश गरी कारवाही अगाडि बढाउनु भनी लोकसेवा आयोगको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ ९ गते रोज १ शुभम् ।

३

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-WO-०८६२, उत्प्रेषण परमादेश, *ताराप्रसाद गैरेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरूले गरेको मागका विषयमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५ तथा १७ संशोधन भई पदनाम प्राप्त गरेका कर्मचारीलाई पदस्थापना गर्ने गरी कानूनी व्यवस्था भएबाट हेअ र सिअहेव कोर्ष उत्तीर्ण गरी तोकिएको पदनाम प्राप्त गरेका कर्मचारीहरूलाई सम्बन्धित पदमा पदस्थापना गरिने सम्बन्धमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३लाई संशोधन गर्न बनेको अध्यादेश, २०६९ को दफा १७(३) मा व्यवस्था गरेको हुँदा सोही व्यवस्थाबमोजिम हेअ र सिअहेव पदनाम दिएका निवेदक कर्मचारीहरूलाई तत्तत् पदनाम दिएको पदमा पदस्थापना गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ ९ गते रोज १ शुभम् ।

४

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६९-CI-०८३५, लेनदेन, *शेख शाह महमद वि. बाबुलाल महतो नुनिया*

ऋण चुक्ता गरेको भए लिखतको पीठमा सो कुरा जनाई लिखत फट्टा गर्नुपर्नेमा सो नगरेको, वास्तविक साहुको भरपाई पेश गर्न नसकेको, साहुभन्दा अर्का अनाधिकार व्यक्ति छोरालाई ऋण बुझाई भरपाई गरिलिएको भने पनि उक्त भरपाई विवादरहित अवस्थाको नभएको कपाली तमसुकबमोजिमको साँवा ब्याज प्रतिवादीले वादीलाई बुझाएको कुनै आधिकारिक प्रमाणसमेत पेश गर्न सकेको अवस्था नहुँदा ऋण बुझाउनुपर्ने दायित्वबाट यी प्रतिवादी पन्छिन नमिल्ने हुँदा प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल भदौ ११ गते रोज ३ शुभम् ।

५

**स.का.मु.प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६७-CI-१५५५, परमादेश, *जिल्ला प्रहरी कार्यालय, रूपन्देही वि. हरिराम बरई*

प्रहरी हिरासतमा नै कसैको ज्यान जानु र त्यसको अनुसन्धानमा देखाउनुपर्ने संवेदनशीलता नदेखाई गम्भीर नभई जाँचबुझ नगरी केवल जाहेरी दर्ता गरेको भनी कानूनी दायित्वप्रति तदारूखता नदेखाइनुबाट दण्डहीनताले प्रश्रय पाउने कार्य हुन पुग्दछ ।सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ६ र ७ ले तोकेको जिम्मेवारी र कानूनी कर्तव्य तथा दायित्व पनि पूरा गर्नुपर्दछ । तर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ६ र ७ ले निर्दिष्ट गरेबमोजिम जिल्ला प्रहरी कार्यालय, रूपन्देहीबाट अनुसन्धानको प्रक्रिया भए गरेको नदेखिँदा मुद्दाको अनुसन्धान तहकीकातको कार्य गर्नु गराउनु भनी विपक्षी जिल्ला कार्यालय, रूपन्देहीको नाममा परमादेश जारी हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।१०।१२ को आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल भदौ ११ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WH-००३८, बन्दीप्रत्यक्षीकरण, *मचा महर्जनका हकमा राजेश डंगोल वि. केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगन्ज काठमाडौंसमेत*

गैरकानूनी बन्दीको अवस्था सिर्जना हुन कुनै पनि व्यक्तलाई बद्नियत वा प्रवृत्त भावना लिई गैरकानूनीरूपमा निजको वैयक्तिक स्वतन्त्रताको अपहरण गरेको हुनुपर्दछ । अदालतको फैसलाबमोजिम लागेको कैद जरीवाना असूलीका क्रममा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी कैदीपूर्जी दिई थुना पठाएको अवस्थालाई गैरकानूनी थुना भन्न नमिल्ने ।

निवेदकले आफूउपर कुनै मुद्दा नलागेको तर उनाउ व्यक्तिउपर परेको मुद्दामा नाम मिलेको कार्य कारणबाट अन्य व्यक्तिलाई भएको सजायबापत आफूलाई थुनामा राखिएको कार्य गैरकानूनी हो भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दिएको भए तापनि यी निवेदकलाई पक्राउ गरी अदालतमा उपस्थित गराउँदा निजले अदालतमा मिति२०७०।८।१२ मा कागज गरी उक्त दुबै मुद्दाको लगतबमोजिमको व्यक्ति म नै हुँ भनी कागज गरिदिएको छ भने निजका तर्फबाट रहनुभएको कानून व्यवसायीले बहसको क्रममा निवेदकउपर एउटा मुद्दा मात्र चली फैसला भएको भनी पुनरावेदन अदालत, पाटनबाट २०६८ सालको फौ.पु.नं. ०३३९ र १०२८ को मुद्दामा भएको फैसलालाई स्वीकार गरेको समेत स्थिति रहेको छ । यसरी निवेदकले आफूउपर दुईवटा मुद्दा चली उक्त मुद्दाहरूबाट भएको फैसलाबमोजिम लगत कायम भएको र उक्त लगत भएको व्यक्ति म नै हुँ भनी कागज गरी दिएको र निजको कानून व्यवसायीले पनि १ वर्ष कैद हुने ठहरी उक्त फौ.पु.नं. १०२८ को मुद्दामा फैसला भएको तथ्यलाई स्वीकार गरेको अवस्थामा यी निवेदकले आफूउपर कुनै मुद्दा नै नचलेको भनी भइरहेको तथ्यलाई लुकाई प्रस्तुत निवेदन दिएकोले निज सफा हात

लिई अदालतमा प्रवेश गरेको समेतको अवस्था नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल माघ २७ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WH-००४२, बन्दीप्रत्यक्षीकरण, *सन्तनु त्रिपाठीको हकमा आमा डा. मालीका प्रसाई वि. डा. गिरीराज त्रिपाठी*

बन्दीको अवस्था सिर्जना हुन कुनै पनि व्यक्तिलाई गैरकानूनीरूपमा बद्नियत वा प्रवृत्त भावना लिई निजको वैयक्तिक स्वतन्त्रताको अपहरण गरेको हुनुपर्दछ । प्रस्तुत विवादमा त्यस्तो अवस्था नभई बालबालिकाको हितका लागि गठित जिल्ला बाल कल्याण समितिमा उपस्थित भई आमा बाबुको सहमति र बालक छोराको ईच्छाबमोजिम बाबुले बालक छोराको संरक्षकत्व ग्रहण गरेकोलाई गैरकानूनीरूपमा थुनामा राखेको वा अपहरण गरी गैरकानूनी कब्जामा राखेको वा बन्दी बनाएको भन्न नमिल्ने ।

जिल्ला बाल कल्याण समिति, काठमाडौंमा निवेदिका र विपक्षीका बीचमा मिति २०७०।९।१९ मा भएको उक्त कागजबमोजिम बालकको संरक्षकत्व र पालन पोषणका सम्बन्धमा चित्त नबुझे प्रत्येक दुई दुई महिनामा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उजूर गर्न सकिने कुरामा दुबै पक्ष सहमत भएको देखिन्छ । यी निवेदिकालाई बालकको संरक्षकत्वका सम्बन्धमा चित्त नबुझेको भए आपसी सहमतिका आधारमा निर्धारण गरेको प्रक्रियाबमोजिम २ महिनापछि यी निवेदिका जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा जानुपर्नेमा सो निकायमा नगई सहमतिपत्रमा उल्लेख भएको २ महिनाको अवधि व्यतीत नहुँदै आफ्नो सहमतिसमेतका आधारमा बालकको संरक्षकत्व ग्रहण गरेको कार्यलाई गैरकानूनी थुना भनी प्रस्तुत रिट निवेदन दिएको देखिन्छ । बालकको संरक्षकत्व ग्रहण सम्बन्धमा चित्त नबुझेको अवस्थामा मुलुकी ऐन, २०२० को लोग्ने स्वास्नीको महलको ३ नं. बमोजिम वा बालबालिकासम्बन्धी नियमावली, २०५१ को नियम ३० बमोजिमको उपचार खोज्नुपर्नेमा निवेदिकाले सो पनि गरेको देखिएन । यसरी वैकल्पिक उपचारको व्यवस्था हुँदाहुँदै त्यस्तो उपचार नखोजी रिट क्षेत्राधिकार प्रयोग हुन नसक्ने ।

निवेदिकाले आफ्नो मञ्जूरीले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन हुने कानूनबमोजिमको निकाय जिल्ला बाल कल्याण समिति, काठमाडौंमा उपस्थित भई बालकको ईच्छा र आमा बाबुको सहमतिका आधारमा गरेको कागजबारे केही उल्लेखै नगरी तथ्य लुकाई बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दिएको देखिँदा यी निवेदिका सफा हात लिई अदालत प्रवेश गरेको देखिएन । आफ्नो मञ्जूरी र बालक छोराको ईच्छाबमोजिम निज बालक आफ्नो जैविक पिताको संरक्षकत्वमा रहेको हुँदा गैरकानूनीरूपमा बन्दी रहेको भनी भन्न नमिल्ने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल फागुन ३० गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०५३५, मोही प्रमाणपत्र, *रेणुकुमारी वि. रामआश्रय मुखिया बिन*

वादी दावी मोही प्रमाणपत्र पाऊँ भन्ने भएकोमा वादी दावी जग्गाका मोही नै नभएकोले मोही प्रमाणपत्र पाउनुपर्ने होइन, बल्की मोहीको लगत नै कट्टा हुनुपर्छ भन्ने प्रतिवादीको प्रतिउत्तर जिकीर रहेको छ । तसर्थ, मुलुकी ऐन, अदालती बन्दोवस्तको १८५(क) नं. मा भएको कानूनी व्यवस्थाअनुसार त्यसरी वादी दावी पूरै अस्वीकार गरिएको अवस्थामा वादीले तारिख गुजारी बसेको भए पनि प्रमाण बुझी ठहर इन्साफ गर्नुपर्ने हुँदा वादी प्रतिवादी दुबै पक्षलाई ताहाँ कार्यालयबाटै म्याद जारी गरी झिकाई तारिखमा राखी कानूनबमोजिम गर्नु भनी फैसलाको प्रतिलिपिसहित सुरू मिसिल भूमिसुधार कार्यलय, महोत्तरीमा पठाई दिने ।

इजलास अधिकृत: दण्डपाणि लामिछाने

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७० साल माघ २४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०१४२, मोही प्रमाणपत्र, *मन्सीफ महासेठ सुडी वि. शिवनारायण शाह हलुवाई*

वादीले जग्गाधनीले पाउने २०५६, २०५७ र २०५८ सालको कुतबालीबापत भूमिसुधार कार्यालय, सिरहामा क्रमश: रू. १९६५।-, रू. १८७१।- र रू. १७९८।- धरौटी राखेको सुरू मिसिल संलग्न धरौटी रसिदका प्रतिलिपिहरूबाट देखिन्छ । सोअघि वा तत्पश्चात्का वर्षहरूमा मोहीले जग्गा जोतकोड गर्न छाडेको वा बाली नबुझाएको भए तत्समयमा नै यी पुनरावेदक प्रतिवादीले बाली दिलाई मोही निष्काशनतर्फ कानूनबमोजिमको कारवाही चलाउनुपर्नेमा सो गर्न सकेको पनि देखिँदैन । मोहीले १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित भएको तर्फ प्रतिवादीको उजूरी नपरी सो आधारमा जग्गाधनी दर्ता स्रेस्ताको मोही महलमा निज मोहीको नाम उल्लेख भई प्रस्तुत मुद्दा दायर हुँदाका समयसम्म कायम रही रहेको अवस्था देखिँदा सुरू भूमिसुधार कार्यालय, सिरहाको मिति २०५९।२।२६ को फैसला उल्टी गरी वादीले मोही प्रमाणपत्र पाउने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।९।१३ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत: दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल माघ २४ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-CI-११६०, अंश चलन, *संगम मानन्धर वि. मुक्ति मानन्धरसमेत*

ट्याक्सी लिँदा जग्गा बिक्रीबापत प्राप्त रकम दुई लाखमात्र बुझाएको र पुरानो मोल पाँच लाख साठी हजार भएकोले बाँकी रकम उक्त गाडी चलाई मासिकरूपमा तिर्दै आई मिति २०६६।११।२१ मा पूरा रकम तिरेको भन्ने पुरूषोत्तम मानन्धरको भनाईलाई यी पुनरावेदकले खण्डन गर्न सकेको पनि देखिएन । प्रस्तुत मुद्दामा अंशियारको रूपमा नरहेका पुरूषोत्तम मानन्धरलाई आफ्नी जिजुबज्यै प्राणमायाबाट प्राप्त जग्गालाई बिक्री गरिआएको रकमलाई परिचालन गर्न नमिल्ने पनि भएन । शेषपछिको बकसपत्रबाट पाएको उक्त जग्गाको तीन भागको एक भाग लिखत बदर भई यी पुनरावेदकको हुने काठमाडौं जिल्ला अदालतबाट भएको

फैसला अन्तिम भैसकेको भन्ने यी पुनरावेदकको भनाईलाई हेर्दा पनि त्यो जग्गा बिक्रीबाट आएको केही रकम पुरूषोत्तम मानन्धरसमेतको हक हुने हुँदा पुरूषोत्तम मानन्धरले खरिद गरेको बा१ज. ६१०५ नं. को ट्याक्सी बन्डा नलाग्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।१९ को फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७० साल फागुन २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-CI-१०६९, अंश दर्ता चलन, *यमुना खत्रीसमेत वि. पूर्णध्वज खत्री*

सगोलको अंशियारमा जुनसुकै व्यक्तिका नाममा जग्गा रहनसक्ने, आफ्ना नाममा रहेको सम्पत्ति सगोलका अंशियारको मञ्जूरीले बेचबिखन गर्न पाउने कुरालाई नकार्न सकिँदैन । अंशियारहरू भिन्नभिन्न ठाउँमा बसी निजहरूको नाममा रहेको सम्पत्ति बिक्री वितरण नामसारी गरेको भए तापनि के कति अचल सम्पत्ति अंशबन्डा गरी बाँडफाँड गरिएको हो भन्ने कुरा स्पष्टरूपमा देखिन नआएसम्म व्यवहार प्रमाणबाट निजहरूबीच अंशबन्डा भएको मान्न नसकिने हुँदा वादीको नाममा दर्ता भएको चितवन जिल्ला पिप्ले गा.वि.स.अन्तर्गतको किनं ४३८ को ०-३-० जग्गासमेतको सम्पूर्ण सम्पत्तिलाई पाँच भाग लगाई एक भाग अंश वादीले पाउने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७० साल फागुन २८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-WO-०२७९, परमादेश, *अधिवक्ता हेममणि सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले उठाएका विषयहरू के कुन कानूनबाट नेपाल राष्ट्र बैङ्कले गर्न नहुने हो वा नेपाल राष्ट्र बैङ्कले नगरेका विषयहरू कुन आधारमा गर्नुपर्ने हो सो कानूनी आधार उल्लेख गर्न सकेको नदेखिनुका साथै नेपाल राष्ट्र बैङ्कले के कस्तो गैरजिम्मेवारीपूर्ण, गैरकानूनी एवं लापरवाहीयुक्त क्रियाकलाप गरेको हो र त्यसबाट के कस्तो राष्ट्रिय अपूरणीय क्षति हुन गएको हो सोको यथार्थ र वस्तुनिष्ठ विश्लेषण गरी सप्रमाण निवेदन पेश गर्न सकेको नदेखिएको परिप्रेक्ष्यमा माथि विवेचना गरिएबमोजिम निवेदकको मागबमोजिम नेपाल राष्ट्र बैङ्कलगायत अन्य विपक्षीहरूउपर निर्देशनात्मक वा अन्य कुनै आदेश जारी गरिरहनु पर्ने देखिन आएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल फागुन २७ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CI-००३२, ट्रेडमार्क नक्कल ट्रेडमार्क बदर, *ज्ञानप्रसाद रेग्मी वि. शिवशक्ति घिउ उद्योग प्रा. लि., बारा*

शिवशक्ति घिउ उद्योग प्रा.लि. ले उद्योग विभागमा विधिवत् दर्ता गरी प्रयोगमा ल्याएको ट्रेडमार्कसँग समानता देखिने गरी पुनरावेदक श्रीकृष्ण आयल रिफाइनरी एन्ड भेजिटेबल घी इन्डस्ट्रिज प्रा.लि. ले आफ्नो उत्पादित वस्तुमा ट्रेडमार्क प्रयोगमा ल्याएको पुष्टि हुन आएको हुँदा पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ को दफा १९ बमोजिम उद्योग विभागबाट श्रीकृष्ण आयल रिफाइनरी एन्ड भेजिटेबल घी

इन्डस्ट्रिज प्रा.लि.लाई सजाय गर्ने गरी भएको मिति २०६०।३।५ को निर्णयलाई सदर गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६२।५।७ को फैसला मुनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल फागुन २६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-CR-०२३५, अन्तःशुल्क छली निकासी, *आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ लाजिम्पाटको तर्फबाट ऐ.का प्रमुख कर प्रशासक महेन्द्रमान गुरुङ वि. पियूषबहादुर अमात्यसमेत*

केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको रायसँग जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको राय बाझिएको मान्ने हो भने पनि बाझिएको स्थितिमा स्टिकर नक्कली नै हो भन्न सकिने स्थिति नहुने हुनाले उद्योगले आरोपित कसूर गरेको भनी निर्क्योलमा पुग्नु न्यायोचित नहुने ।

नक्कली स्टिकर रहेको भनी विश्वस्त हुन सकिनेसम्मको कुनै आधारभूत र वस्तुनिष्ठ प्रमाणको अभाव हुँदा आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ लाजिम्पाटबाट अन्तःशुल्क ऐन, २०५८ को दफा १६ को उपदफा १(क) र (ग) बमोजिम कसूर गरेको ठहर्‍याई गरेको फैसला उल्टी गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६५।५।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल फागुन २७ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WH-००८४, बन्दीप्रत्यक्षीकरण, *ध्रुबराम प्रसाई वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग काठमाडौंसमेत*

निवेदकले गलत वतनमा म्याद तामेल भएको विषयलाई लिएर सो व्यहोरा झूठो वा जालसाजी भनी मुद्दा दायर गर्न सकेको अवस्था पनि छैन । निवेदकले वतन परिवर्तन गरेको भए कहाँ परिवर्तन गरेको हो यकीनसाथ भन्न सकेका पनि छैनन् । निजको नामको म्याद तामेली प्रक्रिया बेरीत भएको भन्ने नदेखिएको र लेखिएको वतनमा मुलुकी ऐन, अबं ११० नं को रीत पुर्‍याई तामेल भएको देखिएकोले सो म्याद बदर गर्नुपर्ने अवस्था नहुँदा कानूनको प्रक्रिया अवलम्बन गरी विशेष अदालतले मिति २०६४।२।११ मा गरेको फैसलाबमोजिम फैसलाको कार्यान्वयन गरी कैद असूली गरेकोलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल पुस २३ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-०८११, निषेधाज्ञा, *वीरध्वज थापा वि. राजु थापासमेत*

पुनरावेदक र विपक्षी राजु थापासमेतका व्यक्तिबीचमा जग्गा जमिन भोग चलनको विषयमा पुनरावेदक विरूद्ध शान्ति सुरक्षाको निमित्त जिल्ला प्रशासन कार्यालयमा निवेदनसम्म दिएको हो, वीरध्वज थापाको निवेदन झूट्टा हो भन्नेसमेत व्यहोराको विपक्षीहरू राजु थापा र लक्ष्मी थापाको लिखित जवाफ व्यहोराबाट खुल्न आएको सन्दर्भमा यी पुनरावेदकको नागरिक अधिकार

ऐनबमोजिमको हकाधिकार उपभोग गर्न बाधा व्यवधान गरेको र गर्ने आशङ्का रहेको पुष्टि हुने आधार र कारण मिसिल संलग्न कागजातहरूबाट नदेखिँदा निषेधाज्ञाको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-१२८२, उत्प्रेषण परमादेश, *कृष्णकुमार यादवसमेत वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत*

निवेदकले जुन निर्वाचन अवैधानिक भएकोले उत्प्रेषणमिश्रित परमादेशको आदेशबाट बदर गरिपाऊँ भनी निवेदन माग गरेको छ निज सोही निर्वाचनलाई स्वीकार गरी उम्मेद्वार भै भाग लिएको देखिँदा एकचोटी आफैंले निर्वाचनको वैधानिकता स्वीकार गरी भाग लिइसकेकोले पछि आएर वैधानिक भएन भनी गरेको मागको आधारमा आदेश जारी हुन नसक्ने भै निवेदन खारेज हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटर: बेदना अधिकारी

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CR-०३८७, ०५१९, ०५६७, ०६०३, लागु औषध खैरो हेरोइन, *भीमबहादुर श्रेष्ठ वि. नेपाल सरकार, कुमार श्रेष्ठ वि. नेपाल सरकार, शिवशंकर राउत वि. नेपाल सरकार, पुरूषोत्तम साह वि. नेपाल सरकार*

लागु औषधसम्बन्धी कसूर संगठित प्रकारले गरिने भएको र प्रतिवादी कुमार श्रेष्ठबाट बरामद भएको लागु औषध प्रतिवादीहरू शिवशङ्कर र पुरुषोत्तमबाट खरिद गरी ल्याएको भन्ने प्रतिवादी कुमार श्रेष्ठको भनाई खण्डित नहुँदासम्म उक्त भनाइलाई अविश्वसनीय मान्नुपर्ने कुनै कारण विद्यमान देखिँदैन । यी प्रतिवादीहरू शिवशङ्कर र पुरुषोत्तमलाई प्रतिवादी कुमार श्रेष्ठले किन पोल गरेका हुन् भनी यी प्रतिवादीद्वयले अदालतको बयानमा खुलाउन सकेको पनि पाइँदैन । ठूलो सजायबाट बच्ने उद्देश्यले गरिने इन्कारी बयानका आधारमा मात्र आरोपित कसूर हुनसक्ने सजायमा परिवर्तन गर्ने आधार सिर्जना हुन सक्दैन । तसर्थ यी प्रतिवादीहरूले भारतबाट हेरोइन खरिद गरी ल्याई प्रतिवादी कुमार श्रेष्ठलाई बिक्री गरेको तथ्यमाथि विवेचना गरिए विवेचना गरिएबमोजिम पुष्टि हुन आउने हुँदा निजहरूले खैरो हेरोइन खरिद बिक्री ओसारपसार गरेका होइनन् भनी भन्न सकिने अवस्था नहुँदा प्रतिवादीहरू भीमबहादुर श्रेष्ठ, कुमार श्रेष्ठ, शिवशङ्कर राउन र पुरूषोत्तम साहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसूरमा ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम जनही कैद वर्ष १५ र रू. ५,००,०००।— (पाँच लाख) जरीवाना गर्ने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।५।२ को फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल फागुन २५ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-१२९५, उत्प्रेषण, परमादेश, *अञ्जना ओझासमेत वि. लोक सेवा आयोग केन्द्रीय*

*कार्यालय, अनामनगर काठमाडौंसमेत*

प्रचलित कानूनबमोजिमको दायित्व निर्वाह गर्ने निकायले ऐनमा नयाँ संशोधन भएपछि उक्त संशोधनलाई अनदेखा गरी पुरानै कानूनबमोजिमको विज्ञापन प्रकाशित गर्दा ऐनमा भएको संशोधनको औचित्य नै समाप्त हुने मात्र नभई त्यस्तो कार्य प्रचलित कानूनअनुरूप भएको हो भन्न नमिल्ने हुँदा पदपूर्तिको विज्ञापन गर्दा नयाँ नियमलाई बाहेक गर्न नमिल्ने ।

लोकसेवा आयोगले मिति २०७०।२।८ मा नेपाल स्वास्थ्य सेवा ऐन (चौथो संशोधन), २०५३ को दफा ८(१) र नेपाल स्वास्थ्य नियमावली, २०५५ अनुसार स्वास्थ्य सेवाको सातौं तहमा पदपूर्ति गर्ने विज्ञापन गर्दा माग आकृति फाराममा प्राप्त पदमध्ये खुला प्रतियोगिताद्वारा ६५% आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा २०% र कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनतर्फ १५% पदहरू पदपूर्ति गर्ने गरी विज्ञापन गर्नुपर्नेमा सो गरेको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने ठहरी कानूनविपरीत भएको उक्त स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७०।१।१३ मा माग भएको ४६ पदमा खुलातर्फ विज्ञापन गर्ने गरी भएको लोकसेवा आयोगको निर्णय र सो निर्णयबमोजिम मिति २०७०।२।८ मा प्रकाशित विज्ञापनलगायत सो पदपूर्तिसम्बन्धी निर्णय, पत्राचार र प्रक्रिया उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साथै उक्त निर्णय उत्प्रेषणद्वारा बदर हुने भएकोले अब मागबमोजिमको उल्लिखित पदहरूमध्ये ३५% पदहरू आन्तरिक प्रतियोगितात्मक परीक्षा र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनतर्फबाट पूर्ति गर्ने गरी प्रचलित कानून एवं संशोधित नियमावलीबमोजिम पदसंख्या कायम गरी पदपूर्ति गर्नेतर्फ कामकारवाही अगाडि बढाउन विपक्षी लोकसेवा आयोगसमेतका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७० साल असोज ६ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६९-WO-१२९९, उत्प्रेषण/परमादेश, *मित्राकुमारी देवकोटासमेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WH-००३९, बन्दीप्रत्यक्षीकरण, *कर्णबीर सिंह उपरकोटी वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

विशेष अदालतबाट रिट निवेदकको नाममा उपस्थित हुनेबारेको सूचना राष्ट्रियस्तरको दैनिक नेपाली पत्रिका गोरखापत्रमा मिति २०६०।१०।२७ र मिति २०६०।१०।२८ मा जारी गरेको कुरामा विवाद छैन । अ.बं. ११० र ११२ को रीत पुर्‍याई तामेल भई बेपत्ते भएको देखिन आएबाट विशेष अदालतले विशेष अदालत ऐन, २०५९ मा भएको यो प्रावधानलाई अनुशरण गरी जारी भएको सूचनालाई अन्यथा भन्न नसकिने हुँदा म्याद तामेली प्रक्रिया बेरीतको भएको भन्ने निवेदन दावी पुष्टि हुन सकेको मान्न नसकिने ।

एकै विषयमा पटकपटक निवेदन दर्ता गरी अदालतलाई गुमराहमा पारी अदालतको समय र श्रमको अवमूल्यन गरी दूषित मनसाय

राखी रिट निवेदकले निवेदन दिएको देखिन्छ । शुद्ध नियत राखी नआउनेलाई अदालतले मद्दत गर्न पनि हुँदैन । प्राङन्यायको सिद्धान्त (Principle of res judicata) अनुसार पनि उही विषयमा उनै विपक्षीउपर उसै मुद्दामा पटकपटक निवेदन वा फिराद लिई सुनुवाइ गर्न नहुने मान्यता रही आएबाट समेत प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-१०१५, उत्प्रेषणसमेत, *कुलनाथ पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदन दायर गर्दाको तत्कालीन कानूनी व्यवस्थामा संशोधन गर्ने गरी निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०६९ आएको र उक्त अध्यादेशको दफा २४घ१ख मा भएको नि.से.ऐन, २०४९ को दफा २४घ१ अनुसार बढुवा भएका कर्मचारीहरूको निश्चित् समयभित्र पदस्थापन हुने व्यवस्था गरेको छ । यो व्यवस्थाअन्तर्गत हुने पदस्थापनामा कानूनी त्रुटि भएमा आवश्यकतानुसार उपचार खोज्नसक्ने नै हुन्छ । नयाँ व्यवस्थाको कार्यान्वयनको सन्दर्भमा पुरानो व्यवस्थाअनुसार सरूवालाई रोकी राख्नुपर्ने अवस्था नहुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०१७८, उत्प्रेषण, *शोभाकर न्यौपाने वि. अवधेशप्रसादसमेत*

कामदारहरूको हाजिरी, गेटपाससमेतले विपक्षीहरू एक वर्षभन्दा पहिलेदेखि सो प्रतिष्ठानमा कार्यरत् रहेको देखिन आउँदछ । यस्तो अवस्थामा विपक्षीहरूलाई आफ्ना कामदार होइन भनी निवेदकले भन्न सक्ने अवस्था देखिँदैन । रिट निवेदनमा उल्लेख भएझैं विपक्षी कामदारहरू ठेकेदारले नियुक्त गरेको भन्ने पनि मिसिल संलग्न कुनै कागजातले देखाउँदैन । ठेकेदार र कम्पनीबीच कुनै सम्झौता भई उक्त सम्झौता कार्यान्वयन गर्न कामदार (तेस्रो पक्ष) सँग करार गरी काममा लगाइएको (outsourcing) अवस्थासमेत देखिन नआएको हुँदा रिट निवेदकको दावी पुष्टि हुन नआउने ।

विपक्षी कामदारहरूले श्रम कार्यालय, पर्सामा दिएको निवेदनका सम्बन्धमा उक्त कार्यालयबाट मिति २०६६।१।१३ मा भएको फैसला र उक्त फैसलाउपर पुनरावेदन परी श्रम अदालतबाट भएको मिति २०६८।३।२९ को फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । श्रम कार्यालयको निर्णय सदर गरेको श्रम अदालतको उक्त निर्णयमा कानूनी त्रुटि नभएकोले मागबमोजिम आदेश जारी गर्नु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-०५४१, उत्प्रेषण, *राजकिशोर*

*यादव वि. पशु सेवा विभाग, हरिहरभवन, ललितपुरसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा १८(३)(क) अनुसार पाँचथर जस्तो 'ख' वर्गको जिल्लामा हालको पदमा २०६७।२।९ देखि बढुवा पदस्थापना भई दुई वर्ष व्यतीत गरिसकेपछि निजलाई 'घ' वा 'ग' वर्गको भौगोलिक क्षेत्रको जिल्लामा सरूवा गर्नु सरूवा गर्ने अधिकारीको कानूनी दायित्व हुनेमा विपक्षीहरूबाट सरूवा गरी एक महिना नपुग्दै पुनः रद्द गर्ने निर्णय गर्नुले त्यसलाई निर्णयकर्ताको जिम्मेवारीपूर्ण र विधिसम्मत् कार्य मान्न नसकिने ।

निजामती सेवा ऐन, २०४९ को दफा १८ को अवधि व्यतीत नहुँदै र निजामती सेवा नियमावली, २०५० को नियम ३६ विपरीत सरूवा गरेको देखिएकोले निवेदकको साविकको सरूवा रद्द गरी जिल्ला पशु सेवा कार्यालय, सप्तरीबाट जिल्ला पशु सेवा कार्यालय, पाँचथरमा सरूवा गर्ने गरी भएको क्षेत्रीय पशु सेवा निर्देशनालय, विराटनगरको मिति २०६९।७।२६ को निर्णय कानूनसम्मत् नदेखिएबाट उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकलाई उक्त निर्देशनालयको मिति २०६९।६।२८ को निर्णयानुसार गरिएको सरूवा कायम राखी जिल्ला पशु सेवा कार्यालय, सप्तरीमा कामकाज गर्न दिनु भनी क्षेत्रीय पशु सेवा निर्देशनालय, विराटनगरलगायतका विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CR-०००२, कर्तव्य ज्यान, *दीपक भन्ने विजय नेपाली वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई इट्टाले प्रहार गरेको कार्य नै मनसायरहित नभई मनसायपूर्वक नै भएको तथ्यलाई स्वयं प्रतिवादीले स्वीकार गरेका छन् । प्रहार मनसायपूर्वक गरिएको छ र सोही कारणबाट कसैको मृत्यु हुन्छ भने त्यहाँ चोट पार्ने उद्देश्यले मात्र प्रहार गरिएको छ वा मार्ने उद्देश्यले नै प्रहार गरिएको छ सो कुरा पहिल्याउन आवश्यक हुँदैन । भवितव्य ठहर्ने बाहेक सन्धि कुठाउँमा हातले हान्दा त्यसै पीरले उठ्न नसकी थला परी ऐनका म्यादभित्र मरेमा समेत कर्तव्यले ज्यान मरेको ठहर्छ भनी ज्यानसम्बन्धीको महलको १० नं. ले व्यवस्था गरेको छ । यस व्यवस्थालाई प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा मृतकलाई प्रहार गर्दा मनसायसहित प्रहार गरेको कारणबाट नै मृतकको मृत्यु म्यादभित्रै हुन गएको तथ्य स्थापित भएको छ । तसर्थ अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार प्रतिवादीको कसूर ठहर भई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम कैद वर्ष १० (दस) हुने ।

प्रतिवादीले कमाएर ल्याएको रूपैयाँ पैसा खोसेर लैजाने र निजलाई मानसिक यातना दिने जस्ता क्रियाकलापहरू मृतकले गरेबाट कलिलो उमेर अवस्थाका यी प्रतिवादीले शोषण र अन्यायको अनुभूतिबाट दिग्भ्रमित भई चोट छाडेको देखिएको हुँदा ५(पाँच) वर्ष कैद भए पनि पर्याप्त हुने देखिएकोले प्रतिवादीलाई सोहीबमोजिम अ.बं. १८८ नं. अनुसार कैद वर्ष ५ (पाँच) हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौला

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-१०११, कर्तव्य ज्यान, *परशुराम भन्ने चलित्रबहादुर खड्का वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण "Dry Drowning" भन्ने उल्लेख छ । शव परीक्षण गर्ने मेडिकल अधिकृतले अदालतमा बकपत्र गर्दा मृतकको मृत्यु हुनुभन्दा अगावै पानीको सम्पर्कमा आई उसको नाक, मुख र कण्ठ अकस्मात् पानीको सम्पर्कमा आउँदा शरीरले देखाउने प्रतिक्रियास्वरूप स्वरयन्त्रको एक्कासी भएको सङ्कुचनको कारणले श्वासप्रश्वास अवरूद्ध हुन गई मृत्यु भएको भन्ने उल्लेख गरेका छन् । विशेषज्ञको यो भनाईलाई हेर्दा मृतक खोलामा घोप्टो पर्दासम्म जीवित रहेको तथ्य देखाउँछ । मानिस मारेर फालेको अवस्थामा "Dry Drowning" अवस्था नरहने ।

प्रतिवादीले के कस्तो कर्तव्य गरी मारेको भनी नखुलेको अवस्थामा केवल अनुमान र तर्कको आधारमा मात्र निजको संलग्नतामा गैरकानूनी कार्य भई वारदात भएको भन्न सकिने अवस्था हुँदैन । मार्नुपर्नेसम्मको कारण र परिस्थितिको प्रकाश नपार्दासम्म त्यसलाई रहस्यमय विषय बनाएर अदालतले कसैलाई कसूरदार ठहऱ्याउन नमिल्ने हुँदा प्रतिवादीको कसूर कायम गरी सजाय निर्धारण गरेको सुरू दोलखा जिल्ला अदालतको फैसला सदर ठहऱ्याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१०।४ को फैसला नमिलेको हुँदा उक्त फैसला उल्टी भई प्रतिवादीले सफाइ पाउने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CR-००९२, कर्तव्य ज्यान, *कान्छीमाया वाइबा वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदनमा टाउकोमा गम्भीर चोट लागेको कारण मृत्यु भएको भन्ने उल्लेख छ । यसबाट मरेको बच्चालाई जन्म दिएको भन्ने प्रतिवादीको भनाई समर्थित हुन आएको पनि देखिएन । उक्त प्रतिवेदनमा हाइड्रोस्टेट परीक्षण गर्दा फोक्सोको टुक्रा तैरिएको पाइएको भन्नेसमेत उल्लेख भएको छ । तसर्थ प्रतिवादीले जीउँदो बच्चालाई जन्म दिई लोकलाजको कारणले निजलाई मारी खाल्डो खनी पुरेको पुष्टि हुन आएको हुँदा सुरू रौतहट जिल्ला अदालतले अभियोग दावीबमोजिम प्रतिवादीको कसूर कायम गरी गरेको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।२।१६ को फैसला मनासिब नै देखिँदा सदर हुने ।

सुनजित वाइबा र यी प्रतिवादीको संसर्गबाट चार सन्तानको जन्म दिँदा लोकलाजको डर हुने, निजका अरू सन्तानको पालनपोषण कैदमा बसेको अवस्थामा पूरा गर्न सम्भव नहुने, निजको पति यी प्रतिवादीसँग रहने बस्ने नगरेको अवस्थामा पर पुरुषसँग नजीकिन गई कसूर गरेको देखिँदा यी प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएकोले अ.बं. १८८ नं बमोजिम २(दुई) वर्ष कैदको सजाय हुनको लागि पुनरावेदन अदालत, हेटौंडाबाट व्यक्त भएको राय मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CR-०२६५, ०६१६, कर्तव्य ज्यान, *बिन्दुमाया तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. मिठुमाया तामाङसमेत*

प्रतिवादीले अनुसन्धानको क्रममा तथा अदालतमा बयान गर्दासमेत निजलाई मृतकले करणी गरेपश्चात् आफूले सो सहन नसकी मृतकलाई बाँधछाँद गरी प्रहार गरेको भनी साबित भई बयान गरेको देखियो । मृतकको पोस्टमार्टम रिपोर्टमा टाउकोमा चोट लागी मरेको भनी साबित भई बयान गरेको देखियो । मृतकको पोस्टमार्टम रिपोर्टमा टाउकोमा चोट लागी सोको कारणबाट मृत्यु भएको भन्ने व्यहोराले समेत प्रतिवादीको यो भनाईलाई समर्थन गरेको अवस्था छ । वादी तर्फका साक्षीहरू च्याङ्बा तामाङ र मोतीमाया तामाङले अदालतमा आई बकपत्र गर्दा यी प्रतिवादी बिन्दुमाया तामाङले कसूर गरेको कुरालाई समर्थन हुने गरी बकपत्र गर्दा यी प्रतिवादी बिन्दुमाया तामाङले अभियोग दावीबमोजिम मृतक फिरके तामाङलाई कर्तव्य गरी मारेको कुरा पुष्टि हुने ।

प्रतिवादी बिन्दुमाया तामाङलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्न जान्छ कि भन्नेतर्फ पुनरावेदन अदालत, पाटनबाट व्यक्त भएको रायउपर विचार गर्दा यी प्रतिवादीको मृतकसँग पूर्व रिसइबी केही भएको नदेखिएको, मार्नुपर्नेसम्मको अन्य कुनै कारण नरहेको, केवल आफूलाई जबर्जस्ती करणी गरेको अवस्थामा प्रतिकार गर्ने सिलसिलामा बाँधछाँद र कुटपीटसम्म गरेको कारणबाट मृतकको मृत्यु हुन गएको देखिएकोले प्रतिवादी बिन्दुमाया तामाङलाई अ.बं. १८८ नं बमोजिम ५(पाँच) वर्ष कैद गर्ने सुरू अदालतको रायलाई सदर गरी सोहीबमोजिम पुनरावेदन अदालत, पाटनबाट ५(पाँच) वर्ष कैद गर्ने भनी घटी सजाय हुने ठहर्‍याएको इन्साफ सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६८-CI-०५८३, निषेधाज्ञा, *मदनराज विष्टसमेत वि. जिल्ला वन कार्यालय, कञ्चनपुरसमेत*

निवेदकहरूले वनक्षेत्रको विवादित जग्गाको जग्गाधनी प्रमाण पूर्जा गैरकानूनीरूपले प्राप्त गरेकोले सो बदर गराउनेतर्फ कारवाही भैरहेको भन्ने देखिन्छ । यसरी दावी लिएको जग्गाको स्वामित्वको सम्बन्धमा नै विवाद उठी कारवाही चलिरहेको भनी देखिएकोले विवादित जग्गाहरूमा निवेदकहरूको निर्विवाद हक स्थापित भएको भन्न मिलेन । दावीको सम्पत्तिमा निवेदकको निर्विवाद हक स्थापित भै नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी नहुने हुँदा निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको निर्णय अन्यथा हुनसक्ने अवस्थाको नदेखिने ।

इति संवत् २०७० साल माघ २७ गते रोज २ शुभम्

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६८-CI-०८८५, परमादेश, *अमरलाल ताजपुरिया वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मोरङसमेत*

निवेदकले हुलाकद्वारा पठाएको भनेको जाहेरी दरखास्तसमेत इलाका प्रहरी कार्यालयमा प्राप्त नभएको भनी सो कार्यालयको लिखित जवाफमा उल्लेख भएको देखिँदा यसरी प्रहरी कार्यालयमा प्राप्त नै नभएको जाहेरीउपर सो प्रहरी कार्यालयले अनुसन्धान गर्नसक्ने अवस्था पनि नरहने ।

मिति २०६७।७।७ को घटनाबाट पीडित भएको भन्ने यी निवेदकले सो घटना भएको ७ दिनभित्रै प्रहरी कार्यालयमा उजूर गर्नुपर्नेमा सोबमोजिम नगरी उल्लिखित कानूनी व्यवस्थाको विपरीत हुने गरी उजूर गर्ने हदम्याद नघाई वारदात भएको २९ दिनपछि अर्थात् मिति २०६७।८।५ मा जाहेरी दर्ताको लागि कारवाही चलाएको देखिँदा त्यस्तो हदम्यादविहीन जाहेरीउपर कारवाही हुनसक्ने अवस्था नभएकोले निवेदन दावीबमोजिम उजूरी दर्ता गरी कारवाही गरिदिनु भनी परमादेश जारी हुनसक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल माघ २७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-००१०, निषेधाज्ञा, *मोतीदास महन्थ वैरागी वि. मधुकर यादव*

निवेदकले जुन आशङ्काको अवस्था विद्यमान रहेको भनी निवेदन गरेको हो सोबमोजिमको कार्य सम्पन्न भैसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने भए पनि निषेधाज्ञाको निवेदनबाटै कसैको हक अधिकारको सिर्जना नहुने ।

निवेदक रामजानकी मन्दिरको पुजारी रहेको र सो मन्दिरको नाउँ दर्तामा रहेको जग्गाको विपक्षीले भौतिकस्वरूप परिवर्तन गर्न लागेकोले रोकीपाऊँ भनी प्रस्तुत निवेदन दर्ता भएको देखिएको अवस्थामा सो मन्दिरको नाउँमा रहेका जग्गा र पुजारी को रहेको भन्ने सम्बन्धमा समेत प्रस्तुत मुद्दामा बोलिरहनुपर्ने अवस्था नहुँदा त्यसतर्फसमेत बोलेको हकमा पुनरावेदन अदालतको उक्त निर्णय अप्रासङ्गिक रहेको देखिए तापनि सोही आधारले मात्र पुनरावेदन अदालतको उक्त निर्णय अन्यथा हुनसक्ने अवस्थाको देखिन नआउँदा पुनरावेदन अदालत, राजविराजले प्रस्तुत निषेधाज्ञाको निवेदनमा निर्णय गर्दाको अवस्थामा विवाद नै नरहेको रामजानकी मन्दिरको पुजारी र जग्गासमेतका सम्बन्धमा अप्रासङ्गिक कुराहरू समेत उल्लेख गरी निर्णय गरेको देखिएकोले सो कथनसमेत अप्रासङ्गिक हुने भए तापनि सारतः निवेदन खारेज हुने ठहर्‍याएको निर्णयलाई अन्यथा गरिरहनुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।११।१५ को निर्णय सदर हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल माघ २७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CR-०००९, अदालतको अपहेलना, *मोतीदास महन्थ वैरागी वि. मधुकर यादव*

विपक्षी मधुकर यादवका नाउँमा जारी भएको अन्तरिम आदेशको सूचना तामेल हुनुभन्दा अघि नै अर्थात् मिति २०६७।३।१६ मै निवेदकले आशङ्का जनाएको कार्य भैसकेको देखिएको भन्नेसमेतका आधार कारणबाट उक्त निषेधाज्ञाको निवेदन नै खारेज भैसकेको देखिएको अवस्थामा निवेदन माग दावीबमोजिम विपक्षी मधुकर यादवले अदालतको आदेशको अपहेलना गरेको नदेखिँदा

विपक्षीले अदालतको आदेशको अपहेलना गरेको भन्ने दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।११।१५ को निर्णय मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल माघ २७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गिरिश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७-CR- ११७६, २०६८-RC-०००१, कर्तव्य ज्यान, *सीतादेवी कुँवर वि. नेपाल सरकार, नेपाल सरकार वि. डम्बरबहादुर कुँवरसमेत*

प्रतिवादीहरू कैलास कुँवर र डम्बर कुँवरसमेत घटनास्थलमा मौजूद रही मृतकलाई पक्री समाती निजको लास दबाउनका लागि खाल्टो खनी लास दबाउने कार्यसमेत गरेको देखिएबाट निज प्रतिवादीहरू कैलास कुँवर र डम्बर कुँवरलाई जन्मकैदको सजाय गर्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला अन्यथा हुनसक्ने अवस्थाको देखिन नआउने ।

प्रतिवादी सीतादेवी कुँवरले कसूर अपराध लुकाउने प्रयास गरेको वा न्याय निरूपणको कार्यमा असहयोग गरेको अवस्था नदेखिएकोले निजलाई ज्यानसम्बन्धीको महलको २६ नं. बमोजिम हदैसम्म सजाय गर्न न्याय र निवेदकको रोहबाट मनासिब नदेखिने हुँदा निज प्रतिवादी सीतादेवी कुँवरलाई ६ महिना कैद हुने ।

प्रतिवादीहरू कैलास कुँवर र डम्बरबहादुर कुँवरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ४ र २६ नं. बमोजिम जनही १ वर्ष ६ महिना कैद सजाय हुने ठहर्‍याएको हदसम्मको सुरू कैलाली जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरू कैलास कुँवर र डम्बरबहादुर कुँवरलाई ऐ. महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल पुस १७ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** ०६६-CR-०५६८, सवारी ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर बोहरा*

गाडी केही उकालो स्थानमा पुगी फँसेको र सो फँसेको गाडीलाई निकाल्ने क्रममा गाडी अगाडि पछाडि गर्दा घटना घट्न पुगेको देखिन्छ । यसबाट खलासीसमेतले इसारा नगरेकोले निजहरू कोही गाडीको पछाडि छैनन् भन्ने लागी गाडीलाई अगाडि पछाडि गरेको हुँ भनी प्रतिवादी चालकले अदालतसमक्ष गरेको बयान स्वाभाविक नै देखिएको र यसरी गाडी पछाडि गर्ने क्रममा नै सो गाडीको पछाडि रहेका मृतकलाई गाडीको ढालाले ठक्कर लाग्दा निज लडी च्यापिन गई निजको मृत्यु भएको देखिन्छ । यसबाट प्रतिवादी चालकको लापरवाहीपूर्ण तरीकाले सवारी चलाई घटना घटाएको भन्ने नभई प्रस्तुत घटनाको अवस्था र प्रकृतिलाई विचार गर्दा ज्यान मर्न सक्छ भन्नेजस्तो नदेखिएको अवस्थामा घटना घट्न पुगी मानिसको मृत्यु हुन गएको देखिएकोले प्रतिवादी चालकलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) नं. बमोजिम सजाय गर्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गरिरहनु नपर्ने ।

प्रतिवादी चालक पूर्णबहादुर बोहरालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद सजाय हुने ठहर्‍याएको काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला केही उल्टी गरी निज प्रतिवादीलाई ऐ. ऐनको दफा १६१(३) नं. बमोजिम १(एक) वर्ष

कैद र रू. २,०००।— जरीवाना हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल माघ २ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CR-०३१७, ०६३५, ०६३६, ००४७, कर्तव्य ज्यान, *पर्शुबहादुर गाहामगरसमेत वि. नेपाल सरकार, शालिकराम घर्तीमगर वि. नेपाल सरकार, जेदुलाल गाहासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. पर्शुबहादुर गाहामगरसमेत*

पर्शुबहादुर गाहासमेतका सातजना प्रतिवादीहरूले हुकुम रानालाई हँसिया, हतासो, चीरपट, लाठी, लात मुक्काले प्रहार गरेका र सोही चोट पीडाको कारण निज हुकुम रानाको मृत्यु भएको देखिए तापनि राती अन्दाजी १० बजेको समयमा वारदात भएको र के कुन प्रतिवादीले छाडेको चोटको कारण मृतकको मृत्यु भएको हो भन्ने कुरा प्रष्ट हुन नसकेको यस अवस्थामा उल्लिखित कानूनी व्यवस्थाबमोजिम सबै सातैजना प्रतिवादीहरूलाई जन्मकैदको सजाय हुने देखिएकोले सोहीअनुरूप निजहरूलाई जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू अर्घाखाँची जिल्ला अदालतको मिति २०६५।९।२१ को फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।१२।१९ को फैसला अन्यथा हुनसक्ने अवस्थाको देखिएन । सो फैसला मिलेकै देखिँदा सदर हुने ।

यी प्रतिवादीहरूले मृतक हुकुम रानाको घरमा गएर घटना घटाएको वा निजलाई मार्ने उद्देश्यले निजलाई निजको घरबाट बोलाई अन्यत्र लगी कर्तव्य गरी मारेको भन्नेसमेत देखिँदैन । प्रतिवादीहरू रहे बसेको ठाउँमा मृतक आफैं आई निहुँ खोजेको र निजलाई सम्झाई बुझाईसमेत गर्ने क्रममा भएको झगडाले उग्ररूप लिई प्रस्तुत वारदात घट्न गएकोले प्रतिवादीहरूलाई ऐनबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिन आउँछ । त्यसकारण प्रतिवादीहरूले मृतकलाई ज्यान मार्नुपर्ने नियतवश प्रहार नगरी मृतकले नाबालिगलाई थप्पड प्रहार गरेको कारण उत्पन्न हुन गएको परिस्थिति एवं अवस्थामा मृतकउपर प्रहार गरेका र सो प्रहारको कारणले मृतकको मृत्यु हुन गएको देखिनाले एवं प्रस्तुत वारदात पूर्व रिसइबी एवं योजनाअनुसार भएकोसमेत नदेखिनाले यी सातैजना प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने हुनाले यी प्रतिवादीहरूलाई प्रस्तुत मुद्दामा जनही वर्ष ७ (सात) कैद सजाय गर्दा नै न्यायको मक्सद पूरा हुने देखिँदा मुलुकी ऐन, अ.ब. १८८ नं को व्यवस्थाअनुसार यी प्रतिवादीहरू सबैलाई जनही वर्ष ७ (सात) मात्र कैद हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल माघ २९ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री बैद्यनाथ उपाध्याय,** ०६७-CR-०४१६, ०६९-CR -३५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हुमलाल धितालसमेत, दिपक धिताल वि नेपाल सरकार*

मृतक र यी प्रतिवादीबीच भएको अवैध यौनसम्पर्कका कारण मृतक खिमा गिरीले गर्भधारण गरेकी र सो गर्भ पतन गराउन नसकेका कारण निजलाई सदाका लागि पन्छाउने नियतले विवाह गर्ने बहाना बनाई एकान्तस्थल जङ्गलमा लगी सोही गर्भको विषयलाई लिएर विवाद झिकी मृतकको शरीरको संवेदनशील अङ्गमा यी प्रतिवादीले लात मुक्काले प्रहार गरेको र सोही चोट पीडाको कारण

मृतक मुर्छा परेपछि होसमा ल्याउने प्रबन्ध गर्नुको साटो उल्टै यी प्रतिवादी एक्लैले मृतकको घाँटीमा गलबन्दीले कसी मारी ओडारमा हाली अरूले नदेखून् भन्ने नियतले ढुङ्गाहरूले छोपी घरमा गएको र पुनः मिति २०६१।९।११ गते घटनास्थलमा आई मृतक लासमाथि आगो लगाई दिएको भन्ने देखिने ।

गर्भिणी भएकी आफ्नो प्रेमीकालाई एकान्तस्थानमा लानु अनि साङ्घातिक चोट छोड्नु र बेहोस भएपछि घाँटीमा गलबन्दीले कसी मार्नु जस्ता कार्य तत्काल उठेको रिसको वारदात नभई नियोजित तवरबाट गरिएको आपराधिक कार्य भएको देखिन आयो । यसरी कसैको ज्यान लिने मनसाय राखी अन्यत्र एकलास ठाउँमा लगी ज्यान मार्ने गरी गरिएको कुनै पनि कार्यबाट कसैको ज्यान मर्न पुगेको अवस्थामा मुलुकी ऐन,ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने नभै ऐजनको १३ नं. आकर्षित हुने ।

प्रतिवादीले आफ्नै वीर्यबाट गर्भधारण गरेकी मृतक खिमा गिरीलाई मार्ने नियतले नै जङ्गलमा लगी कुटपीट गरी मूर्छा पारी घाँटीमा कसी मारी ओडारमा हालेको देखिएको यस्तो आफ्नो सुरक्षाको विश्वास गर्नेलाई आफैंले विश्वासमा पारी विश्वासघात गरी निर्मम तवरबाट हत्या गरेको जघन्य अपराधमा प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम कम सजाय गरिनु वाञ्छनीय हुने देखिन नआउने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०७० साल माघ २९ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-०७८३, उत्प्रेषण परमादेश, *पशुपति चौधरी वि. राकेश पण्डितसमेत*

विवादित जग्गा निवेदक र विश्वनाथ चौधरीको एकासगोलको हो होइन भन्ने तथा निवेदक र छरू चौधरीबीच बाबुछोराको सम्बन्ध हो होइन भन्ने सम्बन्धमा समेत कुनै कुरा बुझेको भन्ने विपक्षीको लिखित जवाफबाट नखुलेको बरू अन्तस्करणबाटै निजलाई बुझिरहनु नपर्ने भएकोले नबुझिएको भन्ने उल्लिखित लिखित जवाफ व्यहोराबाटै खुलेकोले निवेदकलाई मुद्दाको कारवाहीको क्रममा सुनुवाइको मौका दिइएको भन्ने देखिएन । यसरी विपक्षी राकेश पण्डितले विवादित कि.नं. ३८४ को जग्गामा यी निवेदकको नाउँको मोही लगत कट्टा गरिपाउन विपक्षी भू.सु.का., सुनसरीमा दर्ता गराएकोमा सो निवेदनउपर कारवाहीको क्रममा विपक्षी भू.सु.का., सुनसरीले विशेष अदालत ऐन, २०५९ ले निर्दिष्ट गरेको कार्यविधिको उल्लङ्घन गरी यी निवेदकलाई प्रतिवादको मौका नै नदिई मोही लगत कट्टा हुने गरी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिने ।

मोहियानी हकको प्रमाणपत्रसमेत पाइसकेको क्षेत्रीय किताब एवं ज.ध.प्र. पूर्जासमेतमा निवेदक मोही जनिइरहेको अवस्थामा समेत निवेदकलाई प्रतिवादको मौका नै नदिई बुझ्दै नबुझी मोहीको लगत कट्टा गरी भू.सु.का., सुनसरीबाट भएको मिति २०६७।४।१७ को निर्णय र सो आधारमा भएको सबै कार्यहरू प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको भन्ने कुरा स्पष्ट भएकोले निवेदकको निवेदन मागबमोजिम उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब विपक्षी राकेश पण्डितले दर्ता गराएको मोही लगत कट्टासम्बन्धी मुद्दाको कानूनबमोजिम

पुन : कारवाही गर्नु भनी परमादेशसमेत जारी हुने ।
इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल साउन २७ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-RC-००९६, कर्तव्य ज्यान, *कुटपीट अङ्गभङ्ग, विजय परियार वि. नेपाल सरकार*

मृतक निमबहादुर परियारको लास जाँच मुचुल्का, किटानी जाहेरी, घटनास्थल प्रकृति मुचुल्का, घटना विवरण कागज, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूसमेतको बयान एवं विजय परियारले मृतकलाई कुटपीट गरेको हो भनी प्रतिवादीका साक्षी टोपेन्द्र परियारको बकपत्रसमेतलाई हेर्दा प्रतिवादी विजय परियारले मृतक निमबहादुर परियारलाई रड, लाठीले प्रहार गरी कुटपीट गर्दा सोही चोटको कारणले निजको मृत्यु हुन गएको देखिँदा ज्यानसम्बन्धीको महलको १ नं. को कसूर गरेको देखिने ।

मृतक निमबहादुर प्रतिवादीबीच कुटपीट भइरहेको अवस्थामा छुट्याउन आएकोमा चोट लाग्न गएको भनी प्रतिवादीको बकपत्र एवं घाइतेहरू जग्गु चौधरी एवं मीना परियारको बकपत्र एवं घटनाको प्रकृतिसमेतबाट निज प्रतिवादीले निर्मला परियारलाई चोट पुर्‍याउने उद्देश्यले नभई मृतक निमबहादुरलाई कुटपीट गर्ने क्रममा छुट्याउन जाँदा धकेलाधकेल हुँदा हात भाँचिन गएकोसम्म देखिन आएकोले तथा निर्मला परियारलाई प्रतिवादीहरूले कुटपीट गर्ने नियतबाट कुटेको भन्ने तथ्य प्रमाण मिसिल संलग्न कुनै पनि प्रमाणबाट पुष्टि हुन नआएकोले प्रतिवादीहरू विजय परियार, राजु भन्ने जग्गु चौधरी र मीना चौधरीले मुलुकी ऐन, कुटपीटको महलको १ नं. विपरीत ऐजन महलको २ नं. बमोजिमको कसूर गरेको भनी मान्न नमिल्ने ।

प्रतिवादीहरूमध्ये प्रतिवादी जग्गु चौधरी र प्र. मीना परियारलाई अभियोग दावीबाट सफाइ एवं प्रतिवादी विजय परियारले ज्यानसम्बन्धीको महलको १ नं. को कसूर गरेकोमा ऐजन महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

सामान्य झगडा गाली गलौजबाट उत्पन्न विवादबाट तत्काल उठेको रिसबाट कुटपीट हुँदा दाजु निमबहादुरको उपचारको अवस्थामा मृत्यु भएको देखिन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को सजाय चर्को पर्ने देखिएको छ । पुनरावेदन अदालत, तुल्सीपुरबाट अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० (दस) गर्ने रायसहित साधक जाहेर हुन आएकोले सोही राय सदर हुने ।
इजलास अधिकृतः गेहेन्द्रराज पन्त
कम्प्युटरः गीता घिमिरे गिरी
इति संवत् २०७० साल चैत ७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-RC-०१०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. माया शर्मा*

बाबुको ठेगाना नभई अवैधरूपमा गर्भ रहन गएको बच्चालाई राखी रहँदा समाजको घृणाको पात्र हुन सकिने हुँदा सोबाट बच्नको लागि जीउँदो जन्मेको नवजात शिशुलाई प्रतिवादी माया शर्मा (अधिकारी) ले मारेको देखिन आयो । प्रतिवादी माया शर्मा अधिकारीले मुलुकी

ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसूर गरेको हुँदा सोही महलको दफा १८ तथा १३ नं. बमोजिम आफैंले जन्म दिएको नवजात शिशुलाई कर्तव्य गरी हत्या गरेको प्रमाणित हुन आएकोले निज प्रतिवादी माया शर्मा (अधिकारी) लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

अवैध तरिकाबाट गर्भ रहन गै सन्तान जन्म दिने आमालाई हुने समाजको नकारात्मक दृष्टिकोणबाट पर्ने मानसिक पीडा एवं निजको अवस्थासमेतलाई विचार गर्दै उल्लिखित सजाय चर्को पर्ने देखिँदा साधक जाँचको लागि आएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, तुल्सीपुरको ५ वर्ष कैद गर्ने राय सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल चैत ७ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-WO-०७३०, उत्प्रेषण परमादेश, *ईश्वरबहादुर निरौला वि. सशस्त्र प्रहरी बल, गढीमाई गण, भण्डारा, चितवनसमेत*

निवेदकलाई सेवाबाट हटाउने गरी भएको विवादित निर्णय सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८४ को खण्ड (ख) अन्तर्गतको विशेष सजाय भएको र त्यसरी विशेष सजाय गर्नुपूर्व नियम ९४ बमोजिम त्यस्तो सजायको आदेश दिन पाउने अधिकारीले प्रस्तावित सजाय किन नगर्ने भनी त्यस सम्बन्धमा उचित समय दिई स्पष्टीकरण माग्नुपर्ने देखिन आउँछ । यसरी नियम ८४ को खण्ड (ख)(१) अन्तर्गत भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने निर्णय गर्नुपूर्व सम्बन्धित सशस्त्र प्रहरी कर्मचारीलाई सफाइ पेश गर्ने मौका दिई निजको स्पष्टीकरण चित्त बुझ्दो नभएमा वा स्पष्टीकरण नै पेश नगरी बसेको अवस्थामा निर्णय गर्न सकिने हो । यी निवेदकलाई सेवाबाट हटाउने विवादित निर्णय गर्दा माथि उल्लेख भएअनुरूपको सफाइको मौका उपलब्ध हुने गरी उचित समय दिई कारवाही गर्न लागिएको विषयमा सूचना दिएको भन्ने नै नदेखिएको अवस्था हुँदा यी निवेदकलाई मिति २०६३।११।१८ देखि नै लागू हुने गरी मिति २०६३।१२।०६ मा सेवाबाट हटाउने गरी भएको निर्णय उल्लिखित कानूनी व्यवस्थाअनुकूल नदेखिने ।

सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ८७(१) को देहाय (६) को कसूर गरेको भनी सोही नियमावलीको नियम ८४ को देहाय (ख) को खण्ड (१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी मिति २०६३।११।१८ बाट लागू हुने गरी नोकरीबाट हटाउने गरी सशस्त्र प्रहरी बल, गढी माई गण, चितवनका गणपतिबाट भएको मिति २०६३।१२।०६ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको मध्येक्षेत्रीय सशस्त्र प्रहरी बल, मुख्यालय रूद्रबाहिनी पथलैयाका बाहिनीपति नायब महानिरीक्षकबाट मिति २०६४।२।२१ मा भएको निर्णय त्रुटीपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निज निवेदक ईश्वरबहादुर निरौलालाई अब पूर्ववत् सेवामा बहाल गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल चैत १० गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-RC-०११२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्ण लिम्बू*

घटनास्थल प्रकृति मुचुल्का, लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाटसमेत निज ऋतु तामाङको मृत्युको कारणमा जलेर मृत्यु (Cause of Death Burn Injuries) भनी स्पष्ट उल्लेख भएबाट प्रतिवादीले विस्तारामा लगाएको आगोको कारण जलेर उपचारको क्रममा ऋतु तामाङको मृत्यु हुन गएको देखिँदा प्रतिवादी पूर्ण लिम्बूले श्रीमती ऋतु तामाङलाई आगो लगाई मारेको ठहर्‍याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा सोही महलको १३(३) नं. अनुसार निजलाई सर्वस्वसहित जन्मकैद हुने भनी सुरू लमजुङ जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने ठहर्‍याई पुनरावेदन अदालत, पोखराले मिति २०६९।६।२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

साधारण भनाभनबाट तत्काल उठेको रिसबाट आवेशमा आई आगो लगाई भागेको देखिएको तथा निजको उमेरसमेतलाई हेर्दा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम निज पूर्ण लिम्बूलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने लागेकोले सजायको हकमा १५ वर्ष कैद हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल चैत ७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६८-CI-०३३४, परमादेश, *जयराम सैंथवार वि. जिल्ला प्रहरी कार्यालय, भैरहवासमेत*

प्रहरी संगठन एउटा नियम र अनुशासित ढङ्गबाट चल्ने प्रकृतिको संगठन भएको हुँदा निश्चित् अवधि तोकी बिदा स्वीकृति गराई गैसकेपछि लामो समयसम्म सम्बन्धित कार्यालयलाई जानकारीसम्म नगराई स्वेच्छाचारीढङ्गले आफूखुशी संगठनको नियम कानूनभन्दा बाहिर गई बस्ने छूट दिँदा सिङ्गो संगठन सञ्चालनमा नै असर पर्न जाने हुन्छ । प्रहरी संगठनको नियम उल्लङ्घन गर्ने प्रहरी कर्मचारीलाई कारवाही गर्नको लागि बनेको नियमको परिधिभित्र आवश्यक कानूनी प्रक्रिया पूरा गरेर कारवाही गर्ने अधिकार सोही नियमले नै सम्बन्धित अधिकारीलाई दिएको अवस्थामा निवेदकलाई प्रहरी नियमावली, २०४९ नियम ८८ (झ) को कसूरमा नियम ९३(२) (ख) ले दिएको अधिकार प्रयोग गरी नियम ८४(छ) बमोजिम मिति २०६१।६।१ गतेबाट लागू हुने गरी निज प्रहरी जवानलाई नोकरीबाट हटाउने निर्णय कानूनसङ्गत् नै देखिने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल फागुन ६ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** २०६७-CI-००५९, मानाचामल, *चित्रबहादुर थापा वि. देवेन्द्र थापाको हकमा र आफ्नो हकमासमेत छमया थापा*

प्रतिवादीले यी वादीलाई कुनै वास्ता नगरी बसेको एवं विवाहित पत्नीलाई सम्बन्ध विच्छेद्को मुद्दासमेत दायर गरेको अवस्थासमेत देखिँदा यी वादीले मानाचामलमा दावी लिएको मिति २०५७।७।२८ देखि फिराद पर्नुभन्दा अघिल्लो महिना ६ वर्ष ८ महिनासम्मको वादी छमया थापाको दावीबमोजिमको रकम प्रतिवादीबाट

भरिपाउने ।

मानाचामलको भरिभराउको विषयमा अंशबन्डाको महलमा के कति समयभित्र उजूरी दर्ता गर्नुपर्ने भन्ने उल्लेख नभएको हुँदा सो महलमा नलेखिएको हदम्यादको सम्बन्धमा अ.बं. ३६ नं. को कानूनी व्यवस्थालाई हेर्दा प्रस्तुत विषयको मुद्दामा जहिलेसुकै निवेदन दर्ता गराउनसक्ने नै देखिन्छ । प्रस्तुत मुद्दाको हदम्यादको सन्दर्भमा लोग्ने स्वास्नीको महलको ६ नं. आकर्षित नभई मुलुकी ऐन, अ.बं. ३६ नं. को व्यवस्था नै आकर्षित हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल फागुन ६ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-CI-०६२१, कुलोपानी, *गणेशबहादुर श्रेष्ठ वि. गोपीलाल भन्ने जीतबहादुर मगरसमेत*

पिउने पानी जस्तो अति आवश्यक एवं मानव जीवन, स्वास्थ्यसँग सम्बन्धित विषय भएकोले सार्वजनिक जङ्गलमा उम्रेको पानीलाई व्यवस्थित गरी लानु खेतको सिंचाईभन्दा संवेदनशील विषय भएको हुँदा सो कार्य उचित नै देखिने ।

खेतको सिंचाईको लागि वादीको खेतमा जानको लागि न.नं. ७ को कटुन्जे खोल्सीबाट लगिएको वैकल्पिक कुलो रहेको र न.नं. ११ को मूलबाट २० एमएम को पाइपबाट बढी भएको पानीसमेत न.नं. १५ को कुलोबाट वादीको कि.नं २१२ को खेतमा सिंचाईको लागि पर्याप्त नै देखिएको अवस्थामा माने भन्ज्याङ गाविस वडा नं. ६ बाट ऐजन गाविस वडा नं. ९ को थाक्ले राना गाउँमा पाइप लगाई लगेको पानी बन्द गर्नु त्यति न्यायोचित नदेखिने ।

वादीलेसमेत सो पानीको मूल आफ्नोमात्र रहेको एवं परापूर्व कालदेखि सोही मूलबाट मात्र सिंचाई गरी खेती गरी आएको भनी नक्सा फिल्डसहित तथ्ययुक्त प्रमाण पेश गर्न सकेकोसमेत पाईदैन । वादीको कि.नं. २१२ को लागि पानीको लागि वैकल्पिक मूल एवं कुलोसमेत कटुन्जे खोल्सी रहेको अदालतबाट भै आएको नक्सासमेतबाट देखिएको एवं हालको विवादित मूलसमेतबाट कुलो कायमै रहेको अवस्थासमेतलाई हेर्दा सार्वजनिक जङ्गलमा उम्रेको पानी पिउने प्रयोजनको लागि २० एमएम को पाइपबाट लगेको विषयलाई बन्द गर्नुपर्ने अवस्था नदेखिँदा प्रतिवादीहरूलाई समेत पिउने पानीको प्रयोजनको लागि लगेको सार्वजनिक जङ्गलको उक्त मूलको पानी दिई वादीको दावीबमोजिम नै वादीले लगाएको कुलोको पानी कायम हुने ठहर्‍याई पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।२।५ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WO-००९५, उत्प्रेषण, *विनोदकुमार उपाध्याय वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निवेदकले मिति २०७०।११।११ मा नै उमेरको हदको कारणले साविक कार्यालयबाट नै अवकाश पाइसकेको देखिएको हुँदा प्रस्तुत रिट निवेदनको तथ्य व्यहोराभित्र प्रवेश गरी निर्णय

गर्नुपर्ने कुनै औचित्य नरहेको देखिएको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

इति सवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-११३१, उत्प्रेषण, *का.जि.का.म.न.पा. हात्तीसारस्थित गोर्खा ब्रुअरी प्रा.लि. वि. मदन पौडेलसमेत*

मदन पौडेलसमेतका निवेदकहरूले आफ्नो निवेदनमा हामी २०५८ सालदेखि गोर्खा ब्रुअरीमा काम गरी आएका छौं भन्ने उल्लेख गरेका छन् । यी निवेदकले विपक्षीहरूको सो कुरालाई अन्यथा हो भनी भन्न सकेको देखिँदैन । विपक्षीहरूको सेवा अवधि २४० दिन पुगेको छैन भन्ने रिट निवेदकले निवेदनमा दावी लिन सकेको पनि छैन । यसबाट यी विपक्षीहरूले श्रम ऐन, २०४८ को दफा ४(२) अनुसार २४० दिनभन्दा लामो समयदेखि गोर्खा ब्रुअरीमा काम गरेको देखिने ।

गोर्खा ब्रुअरीमा यी विपक्षीहरूले २४० दिनभन्दा लामो समयदेखि कार्य गरेको मिसिलबाट देखिएको अवस्थामा श्रम कार्यालय, बुटवलबाट मिति २०६९।३।४ मा भएको निर्णय र सो निर्णयलाई सदर हुने ठहऱ्याएको श्रम अदालतको मिति २०६९।११।१० को फैसलामा रिट निवेदकले चुनौती दिएजस्तो श्रम ऐन, २०४८ नेपालको अन्तरिम संविधान, २०६३ तथा न्यायिक सिद्धान्तविपरीत रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-१२२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चुल्हाई चौधरीसमेत*

मृतक भीमनारायण चौधरी र यी प्रतिवादीहरूबीच साविकदेखि रिसइबी केही नभई मौकामा नै तत्काल उठेको रिसको कारणबाट आपसमा कुटपीट भई सोही कुटपीटको चोटको कारणबाट मृतकको मृत्यु भएको भन्ने कुरा प्रमाणहरूबाट पुष्टि भएको हुँदा ज्यानसम्बन्धी महलको १३ नं. आकर्षित नभई ऐ. को १४ नं. आकर्षित हुने हुँदा प्रतिवादी चुल्हाई चौधरी र उपेन्द्र चौधरीको हकमा जनही १० वर्ष कैद हुने र अर्का प्रतिवादी नरेन्द्र चौधरीका हकमा आरोपित कसूर गरेको भन्ने कुरा प्रमाणबाट पुष्टि भएको नदेखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन २१ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-CR-०७९४, कर्तव्य ज्यान, *केशव रानासमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले आफूहरूले मृतक ईश्वरी चन्दलाई मारेको तथा निजको साथमा भएको गहनासमेत आफूहरूले बाँडी लिएको समेतको भए गरेको घटनाबारे एकले भनेको कुरा अर्कोले भनेको कुरासँग वस्तुतः फरक नपर्ने गरी घटनाक्रम लेखाई वारदात घटनामा आफ्नो

संलग्नतालाई स्वीकारी एकापसमा पोल गरी बयान गरेको स्थिति छ । जुन कुरालाई मृतकले लगाउने गरेको नाकको फुली प्रतिवादीमध्येकी लीला वादीबाट बरामद भएको कुराले प्रमाणित गरेको पाइन्छ । प्रस्तुत मिसिलमा लास भेटिएको अवस्था छैन, तापनि प्रतिवादीहरूले घटनाको जुन घटनाक्रमसहितको विवरण उल्लेख गरी लेखाई मौका तथा अदालतमा वारदात स्वीकार गरी बयान गरेका छन् । पाँचजना प्रतिवादीहरूले आफू कसूरमा साबित भई अन्य प्रतिवादीलाई पोल गरेको व्यहोराबाटै वारदात स्वभाविकै प्रतीत हुन्छ । लास गायब पार्ने उद्देश्यले वर्षातको समयको चौलानी नदीमा लासलाई बगाई दियौं भनी प्रतिवादीहरूले भनेको स्थिति र अवस्थालाई विचार गर्दा लास नभेटिएको एउटा कुरामात्र प्रतिवादीहरूको निर्दोषिता प्रमाणित हुने आधार बन्न नसक्ने ।

ईश्वरी चन्दलाई कर्तव्य गरी मारी निजको साथमा रहेको नगद तथा गरगहना चोरी गरी बाँडेको देखिन आएकोले प्रतिवादीहरू केशव राना, हर्का वादी, लीला वादी, धौला वादी र भाटी वादीसमेतले आरोपित कसूर गरेको पुष्टि हुन आएकोले सोहीबमोजिम निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैद हुने र चोरीको महलको १४(४) नं. बमोजिम सजाय हुने र चोरीको १०(३) नं. बमोजिम प्रतिवादीहरूबाट जाहेरवालालाई मृतकबाट लगेको धनमाल दिलाई भराई दिने ठहर्‍याई गरेको दार्चुला जिल्ला अदालतको मिति २०६६।२।५ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६६।१२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

प्रतिवादी केशव रानाको आग्रह एवं सल्लाहबमोजिम मृतक ईश्वरी चन्दलाई केशव रानाको नियन्त्रणमा लिने प्रयोजनार्थ प्रतिवादीमध्येका लीला वादी, हर्का वादीले सुरू घटनाक्रमदेखि मृत्युपर्यन्त विभिन्न गतिविधिमा संलग्न भई मार्ने कार्यसमेतका मिसिल संलग्न प्रमाणबाट खुलिरहेको देखिन्छ । प्रतिवादीमध्येका दुई महिला धौली वादी ५१ वर्षकी र भाटी वादी ६० वर्षकी वृद्धा अवस्थाको भएको र निजहरूको अपराधमा संलग्न सन्दर्भमा अ.बं. १८८ नं. का अन्तर्वस्तु विद्यमान देखिएकोसमेतबाट नेपालीहरूको औसत आयुको परिप्रेक्ष्यमा समेत यिनीहरूलाई दश वर्ष कैद गर्दा पनि न्यायको प्रयोजन पूरा हुने भएबाट प्रतिवादीहरूमध्ये धौला वादी र भाटी वादीलाई मात्र जनही १०(दश) वर्ष कैदको सजाय हुने गरी प्रस्तुत भएको रायसमेत मनासिब नै देखिन आएकोले अ.बं. १८८ नं. बमोजिम प्रस्तुत गरिएको रायलाई पनि सदर गरिदिएको छ । यी दुईजना बाहेक अन्य प्रतिवादीहरू लीला वादी र हर्का वादीले मृतकलाई नियन्त्रणमा लिनेदेखि मृत्युपर्यन्त आपराधिक कार्यमा प्रत्यक्ष संलग्नता रहेको तथ्य मिसिल संलग्न रहेको तथ्य प्रमाणसमेतबाट खुलिरहेको अवस्थामा निजहरूलाई सजाय घटाउने गरी लगाएको सुरू जिल्ला अदालतको रायलाई सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको राय मनासिब नदेखिने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-०५३४, उत्प्रेषण, *हरिनारायण साह वि.*

*प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।४।४ को निर्णय तथा वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६८।४।९ को पत्रानुसार दुई वर्षको लागि खाद्य संस्थानको महाप्रबन्धक पदमा नियुक्त भई निजको पदावधि नै समाप्त भई रिट निवेदन निष्प्रयोजित हुँदा रिट निवेदनमा उठाइएको प्रश्नहरूमा प्रवेश गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

यसै प्रकृतिमा निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएका छन्:

- ०६८-MS-०४२९, प्रतिषेध, *हरिनारायण साह वि. आपूर्ति मन्त्रालयसमेत*
- ०६८-MS-००१४, अदालतको अपहेलना, *हरिनारायण साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६८-WO-०४५३, उत्प्रेषण, *योगेन्द्र महतो वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६८-WO-०४५४, उत्प्रेषण, *प्रमीलाकुमारी यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६८-WO-०५५६, उत्प्रेषण, *प्रमीलाकुमारी यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-MS-००१३, अदालतको अपहेलना, *प्रमीलाकुमारी यादव वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत*

निवेदिकाका हकमा यस अदालतबाट जारी अन्तरिम आदेशानुसार महाप्रबन्धकको हैसियतले काम गर्न कुनै बाधा अवरोध नगरेको, अदालतको आदेशको सम्मान गर्ने तथा अपहेलना गर्ने मनसाय र कार्य नरहे नभएको प्रतिबद्धता देखिन्छ । यस अदालतको अन्तरिम आदेशको परिपालना नभएको ठोस आधार निवेदिकाले देखाउन नसकेको समेतका कारणबाट विपक्षीहरूलाई मागबमोजिम आदेशको अपहेलनामा कारवाही र सजाय गरिरहनु नपर्ने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-००९१, निषेधाज्ञा, *सिपेन्द्रबहादुर निरौलासमेत वि. तेह्रथुम जिल्ला हमरजुङ् गाउँ विकास समितिको कार्यालयसमेत*

परापूर्व कालदेखि भोगचलन हुँदै आएको भनिए तापनि सार्वजनिकरूपमा सबैले उपभोग गर्दै आएको हाट बजार एवं आवास भवन, मन्दिरहरू योजनाबद्धरूपमा निर्माण हुँदै आएको अवस्था हुँदा सोलाई व्यवस्थित गर्ने क्रममा सार्वजनिकरूपमा जनताको संयुक्त भेलाबाट उक्त क्षेत्र व्यवस्थित गर्नुपरेको र जीर्ण भै भत्कन लागेको पाटीलाई सो ठाउँबाट हटाउन परेको भन्ने २०६७।९।२ को बजार व्यवस्थापन समितिको बैठकले निर्णय गरेको मिसिल संलग्न प्रतिलिपिबाट देखिन आउँछ । व्यक्तिगत वा निजीरूपमा निरौला बन्धुहरूले मात्र प्रयोग गरी आएको भनिए तापनि निरौला बन्धुहरूको मात्र हक रहे भएको भन्ने त्यस्तो प्रमाण निवेदकहरूले प्रस्तुत गर्न सकेको देखिएन । निवेदकको निवेदन

जिकीर एवं प्रत्यर्थीहरूको लिखित जवाफबाट उक्त पाटी रहेको क्षेत्र सार्वजनिकरूपमा प्रयोग भैरहेको कुरामा विवाद देखिएन । व्यवस्थित गर्ने क्रममा पाटीलाई रत्नेश्वर मन्दिर छेउमा निर्माण गर्ने अवस्था रहेको भन्ने प्रत्यर्थी गाउँ विकास समिति कार्यालयसमेतको लिखित जवाफको प्रकरण ११ मा उल्लेख गरेको देखिन्छ । पाटीलाई उक्त क्षेत्रबाट हटाउने वा निर्माण नै हुन नदिने भन्ने भनाई गाउँ विकास समिति एवं बजार व्यवस्थापन समितिको रहेको देखिँदैन । स्वामित्व नै नरहेको र सार्वजनिकरूपमा प्रयोग हुँदै आएको गाउँ विकास समितिको अधिकारक्षेत्रभित्र रहेको पाटीमा केवल स्थानीय जनताको हितको लागि योजनाबद्ध रूपमा बजारक्षेत्र व्यवस्थित गर्न लागिएको र प्रचलित धर्म परम्परालाई खलल् पार्ने कार्य नगरिएको भन्ने प्रत्यर्थीहरूको स्वीकारोक्ति रहेको छ । पाटी जीर्ण भई भत्किइसकेको भन्ने देखिँदा भत्किइसकेको पाटी नहटाउनु भन्ने आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी निरर्थक देखिँदा विवादित पाटी भत्किइसकेको अवस्था रहेको र पाटी र पाटीले ओगटेको जग्गाको हकदैया निवेदकहरूमा रहेको स्थापित हुन सकेको नदेखिएको अवस्थामा उक्त पाटीको रेखदेख एवं मर्मत सम्भार निवेदकहरूले नै गर्न पाउनुपर्ने भन्ने माग कानूनअनुरूपको नभएकोले निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।१०।१७ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-००९३९, निषेधाज्ञा, *शशिकुमार चौरसिया वि. जिल्ला शिक्षा कार्यालय, पर्सा वीरगन्जसमेत*

अस्थायी अवधि भन्नाले तोकिएको निश्चित् समयावधिलाई जनाउने र छ महिनाको लागि मात्र अस्थायी नियुक्ति पाएको निवेदकले स्थायी अवधिसरह कार्यरत् रहिरहन पाउने भन्ने कानूनतः मिल्ने कुरा भएन । साथै अस्थायी शिक्षक पदमा नियुक्ति गर्नुपर्दा शिक्षा नियमावली, २०५९ को नियम ९७ (१) बमोजिम रिक्त दरबन्दी पदमा जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित गराएरमात्र नियुक्ति गर्नुपर्ने व्यवस्था रहेकोमा सोसमेत नगरी एवं ऐ. नियमावलीको नियम २२(च) अनुसार विद्यालय निरीक्षक वा जिल्ला शिक्षा कार्यालयबाट तोकेको व्यक्ति छनौट प्रक्रियामा राख्नुपर्नेमा सोबमोजिम भए गरेको अवस्थासमेत नदेखिँदा कानूनले निर्धारण गरेको प्रक्रिया पूरा नगरी निवेदकलाई अस्थायी अवधिको लागि तोकिएको समयसीमासमेत समाप्त भईसकेको अवस्थामा निषेधाज्ञाको निवेदनबाट निरन्तर सेवा पाउनुपर्ने भनी निषेधाज्ञाको आदेश जारी गरी पाउने माग लिई आएको प्रस्तुत पुनरावेदन कानूनअनुरूपको नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल असोज १४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CI-००३६, लेनदेन, *राजेश्वरी लोध वि. सुनरावती लोध*

आमा सिधनाको मृत्युपश्चात् निजको नाउँको चल अचल सम्पत्ति यी प्रतिवादीले अपुतालीको रूपमा प्राप्त गरेको भन्ने देखिँदैन । हालैको बकसपत्रको अपुतालीको माध्यमबाट

सम्पत्ति प्राप्त गर्नु अलगअलग अवस्था हुन् । आमाबाट बकसपत्र पाउनु अपुताली खानु हो भनी तर्क गर्न मिल्ने पनि देखिएन । प्रत्यर्थी प्रतिवादीले आमा सिधना लोधिनको अपुताली खाएको भन्ने तथ्य स्थापित हुन नसकेको अवस्थामा माथि उल्लेख गरिएको लेनदेन व्यवहारको २२ नं.को कानूनी व्यवस्थाअनुसार यी पुनरावेदक वादीले प्रत्यर्थीउपर लेनदेनको बिगो भराई पाऊँ भनी दावी गर्न मिल्ने नदेखिने ।

अपुताली हुन मृतकको कसैलाई कुनै व्यहोराले हक हस्तान्तरण नगरिएको नितान्त निजी सम्पत्ति हकवाला वा हकदार वा पालनपोषणकर्तासमेतका अपुतालीको महलद्वारा निर्धारित प्रक्रियाबाट स्वामित्व सरेको देखिनुपर्ने ।

वादीकै साक्षी सुन्नर लोधले अदालतसमक्ष बकपत्र गर्दा सिधनाले राजेश्वरीबाट रू. २,५०,०००।– लिएको जानकारी छैन, राजीनामामा सहीछाप गरेको पनि थाहा छैन, पैसा दिएको देखेको होइन भनी बकपत्र गरेको देखिँदा आफ्नै साक्षीको बकपत्रबाट पनि वादी दावी समर्थित भएको नपाइँदा वादीले प्रतिवादीबाट साँवा ब्याज भराई लिन पाउने ठहर्‍याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६८।२।८ को फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।९।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CI-०१२१, जग्गा नामसारी गरिपाऊँ, *रामकृष्ण कायष्ठ वि. चन्द्रकृष्ण कायष्ठसमेत*

कि.नं. २६८ र ९५१ को जग्गाको हकदार सम्बन्धमा विवाद रहेको अवस्था हुँदा यसरी हकबेहकमा प्रश्न उठिसकेको अवस्थामा हक बेहकमा निर्णय गर्न सम्बन्धित जिल्ला अदालतमा नालिस गर्न जानु भनी सुनाई दिने भनी गरिएको पुनरावेदन अदालत, पाटनको फैसला न्यायोचित देखिने ।

कान्छी कायष्ठको नाममा रहेको जग्गा पुनरावेदक रामकृष्ण कायष्ठको नाममा एकलौटीरूपमा नामसारी गर्ने गरी मालपोत कार्यालय, भक्तपुरबाट भएको मिति २०६८।२।१७ को निर्णयलाई बदर गरी हक बेहकमा नालिस गर्न सम्बन्धित जिल्ला अदालतमा पठाउने गरी सोही अदालतबाट सुनाइदिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CI-०२९७, उत्प्रेषण परमादेश, *विजेश गाईजु वि. हरिहर पोखरेलसमेत*

प्राप्ताङ्कअनुसार सबैभन्दा बढी अङ्क इन्द्रलक्ष्मी त्वायनाले प्राप्त गरेको, दोस्रो स्थानमा कैलाश राई र तेस्रोमा पुनरावेदक आफू परी करार शिक्षकमा आफू छनौट नभएपछि सम्पूर्ण परीक्षा प्रक्रिया नै बेरीतपूर्वक भएको भनी आफैंले पहिला स्वीकार गरी आफू सहभागी भएको परीक्षालाई नै बेरीतको भयो भन्ने निवेदन जिकीर युक्तिसङ्गत् नदेखिने ।

तोकिएको प्रक्रियाबमोजिम सञ्चालित परीक्षामा परीक्षार्थीलाई तोकिएको पदाधिकारीबाट प्रदान गरिएको अङ्क रिट निवेदनको रोहबाट परीक्षण हुने विषय नभएकोले प्रस्तुत निवेदनको रोहबाट निरोपण गर्न मिल्ने नदेखिने ।

विवादसँग सम्बन्धित शिक्षक नियुक्ति करार सेवाको भएको र सामुदायिक विद्यालयको रिक्त दरबन्दीमा करारमा शिक्षक नियुक्ति गर्ने सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम ९७ ले प्रक्रिया निर्धारण गरिरहेको र नियमावलीको उक्त कानूनी व्यवस्थाबमोजिम भएको नियुक्ति प्रक्रियामा शिक्षक सेवा आयोग, नियमावलीको कानूनी प्रावधान अनिवार्यरूपमा पालना गर्नैपर्ने भन्न मिल्ने नदेखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CR-०५०५, बन्दीप्रत्यक्षीकरण, *सौरभ राणा वि. होमनाथ सिटौला*

प्रत्यर्थी निवेदकलाई हिरासतबाट मुक्त गरिदिनु भनी जिल्ला प्रहरी कार्यालय, सुनसरीका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पुनरावेदक सौरभ राणालाई अदालतलाई छलछाम गर्ने निहित उद्देश्य राखी कुनै कामकारवाही नगर्न नगराउन सचेत गराएको देखिन्छ । हिरासतबाट मुक्त गरिएको भनिएको व्यक्ति खानतलासी गर्दा प्रहरी कार्यालयमा नै भेटिएको सन्दर्भमा अब उप्रान्त यसप्रकारको कामकारवाही नहोस् भन्ने हेतुले पुनरावेदक सौरभ राणालाई सचेतसम्म गराएको अवस्था हुँदा पुनरावेदन अदालत, विराटनगरको उक्त आदेश न्यायोचित नै देखिन आउने

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CR-०६७३, भ्रष्टाचार, *विपीनकुमार आले वि.नेपाल सरकार*

राष्ट्रसेवकले नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्नु स्वयम्मै भ्रष्टाचारजन्य कार्य भएको र विशेष अदालतले उल्लेख गरेको पुनरावेदक तारा राजभण्डारी (कार्की) समेत विरूद्ध प्रत्यर्थी नेपाल सरकार भएको (नेकाप २०६५ असोज, नि.नं. ७९७४, पृष्ठ ६८७) भ्रष्टाचार मुद्दामा यस अदालतबाट प्रतिपादित नजीरसमेतका आधारमा व्यक्तिगत फाइल संलग्न रहेको प्रमाणपत्र नक्कली देखिएमा कसूरदार ठहर्ने नै हुँदा सोतर्फ पनि पुनरावेदकको जिकीर पुग्नसक्ने देखिन नआउने ।

पुनरावेदक प्रतिवादी विपीनकुमार आलेलाई तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूरमा ऐ.ऐनको दफा २९(२) बमोजिम सजाय हुने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६८।३।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६३-CI-१०६१, अंशबन्डा शेषपछिको बकसपत्र, *रमेश पुरी वि. श्रीमती गीता पुरी सिलवालसमेत*

वादीहरूको आफ्ना बाबु झुमनाथ पुरीको भाग हिस्सामा पर्न आउने गुठी जग्गा एवं कोष रकम सम्पत्ति जे जस्तो अवस्थामा रहे भएको छ सोही अवस्थामा रहने गरी प्रतिवादी डिल्लीनाथ पुरीले निजी गुठीका जग्गाहरू बिक्री गरी गुठी सञ्चालन गर्न राखेको अक्षयकोष रकममा समेत सबै अंशियारहरूको नाम समावेश गरी कोषबाट प्राप्त हुने ब्याजबाट गुठी सञ्चालन गरी भाग हिस्साअनुसार उपभोग गर्न पाउने गरी तायदाती फाँटवारीमा उल्लिखित जग्गाहरूमध्ये निजी गुठीका जग्गा एवं कोषमा समेत सबै अंशियारहरूको हक हुने ठहर्‍याई वादीहरूले समेत झुमनाथ पुरीबाट शेषपछिको बकसपत्रमा उल्लिखित व्यहोराबमोजिम सम्पत्ति पाउने गरी सुरू जिल्ला अदालतले गरेको फैसला केही उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।६।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल भदौ २५ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०९६८, निषेधाज्ञा, *नन्दराज पोखरेल वि. जिल्ला विकास समिति, भद्रपुर झापासमेत*

जिल्ला प्राविधिक कार्यालयको कार्य सम्पन्न प्रतिवेदनलाई आधार लिई कार्य सम्पन्न भएको भन्ने आधारमा पुनरावेदन, अदालतबाट प्रस्तुत निवेदन खारेज गर्ने आधार लिए पनि उक्त प्रतिवेदनमा पुनरावेदकले जिकीर लिएको वर्ने चिया विकास निगमभित्रको बाटो मर्मतको कार्य सम्पन्न भएको भन्ने देखिँदैन भने अर्कोतर्फ बाटो विस्तारलगायतको कुनै पनि कुरा उक्त प्रतिवेदनबाट खुल्न आएको देखिँदैन । पुनरावेदकले उक्त चिया बगानबाहिरको बाटो मर्मतको कार्य सम्पन्न भएको बगानभित्रको बाटो विस्तार कार्य बाँकी रहेको भन्ने कुरा उल्लेख गरेको अवस्थामा आवश्यक बुझ्नुपर्ने कुरा बुझी निर्णय गर्नुपर्नेमा केवल जिल्ला प्राविधिक कार्यालयको अस्पष्ट प्रतिवेदनलाई मात्र आधार लिई रिट निवेदन खारेज गर्ने गरेको सुरू फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । पुनरावेदन जिकीरसमेतमा चिया बगानबाहिरको जग्गामा मात्र बाटो मर्मत कार्य पूरा भएको बगानभित्रको बाटो विस्तार गर्ने प्रबल सम्भावना अझै रहेको भन्ने देखिँदा नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम जाँचबुझ गरी आवश्यक जो जे बुझ्नुपर्छ बुझी पुनः निर्णय गर्नु भनी पुनः इन्साफका लागि पक्षहरूलाई तारिख तोकी प्रस्तुत मिसिल सुरू पुनरावेदन अदालत, इलाममा पठाई दिने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल फागुन १३ गते रोज ३ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७०-WO-०७४४, उत्प्रेषणसमेत, *सुन्दरपति देवीसमेत वि. मनोज चौधरी कलवारसमेत*

आफूले लिएको ऋण तिर्नु बुझाउनुपर्ने प्रारम्भिक दायित्व ऋणीको हुने र सगोलमा हुँदाको ऋण सगोलको सम्पत्तिबाट समेत तिर्नु

बुझाउनुपर्ने हुन्छ । मनोज मिश्र स्वयं ऋणी भई ऋण लिई सोबापतको असूली प्रक्रियामा निजकै नाममा रहेको सम्पत्ति लिलाम गरेर सम्पत्ति प्राप्त गर्न सकिने कुरा स्पष्टै रहेको र सोबाट असूल हुन नसक्ने भए कानूनबमोजिम सगोलको सम्पत्तिसमेत पक्रनसक्ने अवस्था रहेकोमा ऋणी मनोज मिश्रकै नाउँको सम्पत्तिबाट असूल गरेकोलाई कानूनविपरीत भन्न नमिल्ने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख २२ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०२७९, उत्प्रेषणसमेत, *बद्रिप्रसाद पराजुली वि. रस्मी चापागाईंसमेत*

छोरा, अविवाहित छोरी वा स्वास्नीले आफैं आर्जन गरेको वा आफूखुशी गर्न पाउने सम्पत्तिबाट बाबु र लोग्नेले आफूखुशीले तिरिदिए जतिमात्र लिन पाउँछ । त्यस्ता छोरा, अविवाहिता छोरी वा स्वास्नीको आफ्नो आर्जनको वा आफूखुशी गर्न पाउने सम्पत्ति रहेनछ भने त्यस्तालाई बाबु वा लोग्नेको धनमा हक नपुगेसम्म धरपकड गर्न पनि हुँदैन भन्ने कानूनी व्यवस्था रहेको छ । ऋण खाँदा उज्वलकुमार चापागाईंको संलग्नता रहेको भनी निवेदकले सोको प्रमाण प्रस्तुत गर्न सकेको देखिएन । लिखत व्यहोरामा समेत पति उज्वल चापागाईंको संलग्नता रहेको भन्ने नदेखिएको र लोग्नेले आफूखुशी तिर्न मञ्जूर गरेको अवस्थामा बाहेक निजको सम्पत्तिमा रोकछेक गर्ने अवस्था पनि भएन । निवेदकले एकासगोलको पतिले गरेको व्यवहारमा श्रीमतीको हक लाग्ने अवस्था रहेको भन्ने प्रष्ट प्रमाण आधारबेगर साधारण अदालतबाट प्रमाणको विवेचना भै फैसला हुने कुरामा रिटक्षेत्रमा प्रवेश गरेको देखियो । साथै प्रस्तुत रिटक्षेत्रबाट मिसिल संलग्न रहेको सम्पूर्ण प्रमाण बुझी यो यसको हकाधिकार क्षेत्रभित्र पर्ने भन्ने तथ्यगत निर्णय गर्नसमेत नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाइरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल असोज १८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०४८१, उत्प्रेषण परमादेश, *युवराज पौडेल वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर काठमाडौं*

लोकसेवा आयोग केन्द्रीय कार्यालयको उल्लिखित सूचनामा निजामती सेवा ऐन, २०४९ (तेस्रो संशोधन) अध्यादेश, २०६९ को दफा २५ द्वारा प्रदत्त कानूनी हक हनन् भएको भन्ने निवेदकको भनाई सम्बन्धमा विचार गर्दा ऐनको दफा २१, २२, २४, २४क, २४ख, २४ग, २४घ का बढुवाका शर्तसम्बन्धमा कुनै संशोधन गर्दा त्यस्तो संशोधित व्यवस्था एक वर्षपछि मात्र लागू हुने भन्ने उल्लेख भएको देखिँदा ऐनको दफा २४घ१क एक वर्षपछि मात्र लागू हुने भन्ने निवेदन व्यहोरासँग सहमत हुन सकिएन । दफा २४घ१क दफा २४घ को उपदफा नभई स्वतन्त्र कानूनी व्यवस्था रहेको र निजामती सेवा ऐनको तेस्रो संशोधन हुँदा उक्त दफामा संशोधन भएको नभई राजपत्राङ्कित कर्मचारीको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका शर्तसम्बन्धमा थप कानूनी व्यवस्था गरिएको देखिने ।

निजामती सेवा ऐन, २०४९ को प्रस्तावनामै

निजामती सेवाका शर्तसम्बन्धी व्यवस्था गर्ने उद्देश्यले यो ऐनको तर्जुमा गरिएको भन्ने उल्लेख भएबाट अख्तियारप्राप्त निकाय व्यवस्थापिकाले आवश्यकता र उपयुक्ततासमेतका आधारमा निजामती सेवाको गठन सञ्चालन र सेवाका शर्तहरू तोक्नसक्ने नै हुँदा स्वतन्त्र दफाको रूपमा ऐनको दफा २४घ१क ले दफा २५ द्वारा प्रदत्त कानूनी अधिकारमा प्रतिकूल प्रभाव पारेको अवस्था देखिएन। साथै, तालिमको प्रमाणपत्र पेश गर्न भनिएको कार्यले निवेदकको कुनै मौलिक हक हनन् भएको भन्न मिल्ने पनि नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०४८७, उत्प्रेषण परमादेश, *चन्दादेव शुक्लसमेत वि. श्रीमती मीना शुक्लासमेत*

न्यायका लागि अदालत प्रवेश गरेको लामो समयपश्चात् अदालतका तहतहका फैसलाबमोजिम सम्पत्ति प्राप्त गर्ने क्रममा कानूनको प्रक्रियाअनुरूप बन्डा मुचुल्कासम्बन्धी कारवाही गर्न फैसला अन्यथा नभएसम्म मुद्दा दोहोर्‍याई पाऊँ भन्ने निवेदन विचाराधीन रहेकै आधारमा रोक्न उक्त कानूनी व्यवस्थासमेतका आधारमा न्यायोचित र मनासिब नदेखिने ।

बन्डा मुचुल्का घर जग्गा रहेकै स्थान काठमाडौं महानगरपालिका वडा नं. १० मा भएको देखिन्छ । उक्त मुचुल्कामा वडा नं. १० कै व्यक्तिहरू साक्षी बसी काठमाडौं महानगरपालिकाका कर्मचारीसमेत रोहवरमा रहेको पाइन्छ । निवेदक प्रतिवादीका वारिससमेत बन्डा मुचुल्का हुँदा मौजूदा रहेको बन्डा मुचुल्काबाट देखिन आउँछ । समग्र बन्डामुचुल्काको अध्ययन गर्दा बाटो रहेको उत्तरतर्फ मुख्य मोहडा कायम गरी नरमकरम मिलाई तर्फ सम्बन्धमा गोलाबाट छुट्ट्याई फैसलाअनुरूप बन्डा छुट्याएको देखिन्छ । साथै, मुद्दा दोहोर्‍याई पाऊँ भन्ने निवेदनमा यस अदालतबाट अन्तिम निर्णय हुँदा अन्यथा भएमा स्वाभाविकरूपमा सोहीबमोजिम हुन हाल भएको बन्डामुचुल्काले कुनै असर पार्नसक्ने पनि देखिँदैन । यसरी ऐन र नियमको रीत पुर्‍याई काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।४।२१ मा भएको बन्डा मुचुल्का सदर गर्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७०।७।८ र पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।२० को आदेश कानूनसङ्गत् देखिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-WO-०८०७, उत्प्रेषण, *लक्ष्मणप्रसाद अग्रवाल वि. ऊर्जा मन्त्रालयसमेत*

निवेदक नेपाल विद्युत प्राधिकरणको सञ्चालक समितिको सदस्य पदमा मिति २०६९।१२।२९ मा नियुक्त भएको देखिएको छ । नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ९(४) मा “मनोनीत सदस्यको कार्यकाल ४ वर्षको हुने“ भन्ने कानूनी व्यवस्था रहेकोमा सो कार्यावधि नपुग्दै निजलाई २०७१।१।१२

मा सो पदबाट अवकाश दिएको देखिन्छ । कानूनले तोकेको पदावधिभन्दा अगावै के कुन आवश्यकता परी निजलाई सो पदबाट हटाउनु परेको हो सोको कुनै वस्तुगत आधार र कारण नखुलाई सो पदबाट अवकाश दिएको देखिँदा ऊर्जा मन्त्रालयको उक्त २०७१।१।१२ को निर्णय उक्त कानूनी व्यवस्थाविपरीत हुँदा सो निर्णयबाट निवेदकको संविधान र कानूनप्रदत्त हकमा आघात पुग्न गई सञ्चालक समितिको पदबाट अवकाश दिँदा निवेदकलाई अपूरणीय क्षति हुनसक्ने हुँदा मिति २०७१।१।१२ को ऊर्जा मन्त्रालयको निर्णय तथा २०७१।१।१२ को अवकाशसम्बन्धी पत्र कानूनीरूपमा उपयुक्त र त्रुटिपूर्ण देखिँदा प्रस्तुत रिटको टुङ्गो नलागेसम्म सो निर्णय र पत्रसमेत कार्यान्वयन नगर्नु नगराउनु र निवेदकलाई पूर्ववत् कामकाज गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ १६ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७८६, उत्प्रेषण, *रविना थापा भुजेल वि. पुनरावेदन अदालत, पोखरासमेत*

यस अदालतबाट निवेदक प्रभाकुमारी धितालसमेत विरूद्ध पुनरावेदन अदालत, तुलसीपुर भएको उत्प्रेषण मुद्दामा नेकाप (२०६८ अङ्क ११, नि.नं. ८७१३, पृष्ठ १८१२) मानो छुट्टिएको भिन्न बसेका व्यक्तले पछि विवाह गरी ल्याएका श्रीमती र निजबाट जन्मेको छोराछोरीलाई समेत अंशियार संख्यामा घटबढ गर्ने निर्णय गर्नुपर्ने भन्ने नियमको मनसाय रहेको नदेखिने भन्ने प्रतिपादित सिद्धान्तअनुरूपको देखिन नआएकोले निवेदकको निवेदनउपरको कारवाही जिल्ला अदालत निमायवली, २०५२ को नियम ७८(ख) उल्लेख भएबमोजिम कानूनी प्रक्रिया पूरा गरी गर्नु भनी पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।१।४ मा भएको आदेश अर्को आदेश नभएसम्मका लागि कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ ८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७८२, उत्प्रेषणसमेत, *अधिवक्ता श्रीप्रसाद पण्डित वि. व्यवस्थापिका संसदको संसदीय सुनुवाइ समिति*

न्यायपरिषद्द्वारा नियुक्तिको लागि सिफारिश भएका व्यक्तिहरूलाई सर्वोच्च अदालतको न्यायाधीशहरूको रूपमा स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा कानूनबमोजिमको आवश्यक प्रक्रिया र सोसम्बन्धी अनुसन्धान गर्ने जिम्मेवारी संसदीय सुनुवाइ समितिलाई रहेको कुरामा दुई मत हुन नसक्ने भए पनि सिफारिश गर्न न्याय परिषद्का सदस्यहरूलाई सो सम्बन्धमा समितिसमक्ष बोलाउन प्रथम दृष्टिमै संविधान, संवैधानिक परम्परा, संसदीय लोकतान्त्रिक प्रणालीको मर्यादा तथा न्यायपालिकाको स्वतन्त्रता समेतसँग मेल खाने नदेखिएकोले सो सम्बन्धमा संसदीय सुनुवाइ समितिद्वारा अख्तियार गरिएको प्रक्रिया सच्याउन पर्ने भए सच्याई सुनुवाइको कार्य अगाडि बढाउनुपर्ने भए पनि न्याय परिषद्का सदस्यहरूलाई यस प्रयोजनको निमित्त संसदीय सुनुवाइ समितिसमक्ष उपस्थित हुन नबोलाउनु र विरूद्ध खन्डको उल्लिखित न्याय परिषद् सचिवालयसमेतले सो प्रयोजनको निमित्त न्याय

परिषद्का सदस्यहरूलाई संसदीय सुनुवाइ समितिसमक्ष उपस्थित हुनजाने भनी पत्राचार नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ २ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की,** ०७०-WO-०७८३, प्रतिषेध, *विवेक आले वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत २३*

विपक्षीहरूद्वारा गरिने निरन्तर हडताल तथा घेराउ जस्ता कार्यले तथा विभिन्न आन्दोलन वा कार्यक्रमहरूको घोषणाबाट नेपाल पर्यटन बोर्डको दैनिकी कार्य सञ्चालनमा बाधा अवरोध पुग्ने भै अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि धमिलो हुने र आन्तरिक र बाह्य पर्यटनमा प्रत्यक्ष असर पर्ने हुँदा मिति २०७१।२।१२ गतेसम्म नेपाल पर्यटन बोर्डको दैनिक कार्य सञ्चालनमा त्यस्ता कुनै पनि प्रकारको बन्द, हडताल, घेराउलगायतका कुनै बाधा अवरोध जस्ता आन्दोलनको कार्यहरू नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ २ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली,** ०७०-WO-०७७५, उत्प्रेषण, *देवीप्रसाद बराल वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत*

निवेदकलाई किटान गरी दिएको मिति २०६९।१२।१५ को नियुक्तिमा २ वर्षको लागि भन्ने देखिन्छ । सो २ वर्षको अवधि नपुग्दै मिति २०७१।१।१६ को निर्णयअनुसार अवकाश दिएको भन्ने देखिँदा प्रथम दृष्टिमा नै नियुक्तिको करारमा उल्लिखित अवधिको पूर्व नै निष्काशन गरेको कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन गएको देखिएकोले यस अदालतबाट रिट नं. ०६८-WO-०५९९ को उत्प्रेषणयुक्त परमादेशको आदेशमा उल्लेख गरिएका तथ्यसँग प्रस्तुत निवेदनको तथ्य मिल्दोजुल्दो देखिँदा उक्त २०७१।१।१६ को अवकाश दिएको व्यहोराको निर्णय हाल कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ १३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली,** २०७० सालको रिट नं. ०७०-WO-०७९३, उत्प्रेषण, *इन्द्रबहादुर थिङसमेत वि. युवा तथा खेलकुद मन्त्रालयसमेत*

निवेदकबाट पेश भएको नेकाप २०६८, अङ्क ७, नि.नं ८६४४; नेकाप २०६९ अङ्क ५, नि.नं. ८८२३, नेकाप २०७०, अङ्क ६, नि.नं. ९०२० मा प्रतिपादित कानूनी सिद्धान्तहरूलाई सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४२(२) बमोजिम विपक्षीहरूबाट पेश भएका बहसको सन्दर्भमा उक्त नजीरहरूले प्रस्तुत निवेदनमा विषयान्तर छ छैन भन्ने विश्लेषणको विषय रहे पनि Prima Facie रूपमा उक्त नजीरहरूलाई इन्कार गर्ने आधार नदेखिँदा संयुक्त इजलासमा राखी दुबै पक्षहरूको बहस सुन्नुपर्ने भएकोले मिति २०७१।२।२६ सम्मको लागि निवेदकहरूलाई पदमुक्त गरिएको मिति २०७१।२।२ को पत्रको कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०७० सालको रिट नं. ०७०-WO-०७९२, उत्प्रेषण, *युवराज लामा वि. युवा तथा खेलकुद मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०७०-WO-०८१५, उत्प्रेषणसमेत, *नरबहादुर बुढासमेत वि. पुनरावेदन अदालत, बागलुङसमेत*

नातातर्फ विवाद देखिएको भन्ने आधारमा वादी दीपक बुढा, दिपेन्द्र बुढा, प्रतिवादी नरबहादुर र बुझिएकी टोपली घर्तीसमेतको डि.एन.ए. परीक्षण गराउने गरी भएको सुरू बागलुङ जिल्ला अदालतको मिति २०७०।११।५ को आदेश बदर गर्ने गरी पुनरावेदन अदालत, बागलुङबाट भएको मिति २०७१।१।४ को आदेश मुद्दामा एकैपटक प्रमाण बुझ्न सकिने भन्ने मान्य सिद्धान्तविपरीत देखिँदा यो रिट निवेदनको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूका नाममा सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ २१ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०७०-WO-०८१६, उत्प्रेषणसमेत, *हेमचन्द्र झा वि. पुनरावेदन अदालत, जनकपुरसमेत*

रिट निवेदक वादी तथा प्रत्यर्थीहरू प्रतिवादी भएको धनुषा जिल्ला अदालतमा चलिरहेको अंश मुद्दामा मानु छुट्टिएको मिति तथा अंशबन्डा भए नभएको सम्बन्धमा नै विवाद रहेको अवस्थामा धनुषा जिल्ला अदालतबाट मिति २०७०।९।२ मा भएको तायदाती फाँटवारी लिने आदेशलाई पुनरावेदन अदालत, जनकपुरबाट बदर गरेको देखियो । अंश मुद्दामा वादीले अंश पाउने नपाउने सम्बन्धमा जिल्ला अदालतबाट प्रमाणको मूल्याङ्कन भई निर्णय हुने र त्यस्तो कार्यलाई मुलुकी ऐन, अ.बं. १७ नं. को निवेदनबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।२।१ मा भएको आदेश हाल कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ २१ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०७०-WO-०८१८, उत्प्रेषणसमेत, *चाँदनीदेवी झा वि. पुनरावेदन अदालत, राजविराजसमेत*

रिट निवेदकले जाहेरी दिई कारवाही चलेको प्रत्यर्थी पंकज झा प्रतिवादी रहेको बहुविवाहमा सजाय गरेको कुरा सप्तरी जिल्ला अदालतको मिति २०६७।२।१३ को फैसलाबाट देखिइरहेको अवस्थामा सप्तरी जिल्ला अदालतबाट भएको मिति २०७०।१०।२१ को तायदाती फाँटवारी माग्ने आदेशलाई बदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।१।१५ मा भएको आदेशले जिल्ला अदालतमा चलिरहेको अंश मुद्दामा असर पुग्नसक्ने देखिएकोले पुनरावेदन अदालत, राजविराजबाट उक्त मिति २०७१।१।२५ मा भएको आदेश हाल कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ २१ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०७०-WO-०८६१, उत्प्रेषण, *हरेराम साहसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, हेटौंडाको आफ्नै पदस्थापना गर्ने निर्णयलाई मिति २०७०।१२।१२ मा संशोधन भएको ऐनको आधारमा बदर गर्ने गरी मिति २०७०।१२।३ मा भएको निर्णयबाट यी निवेदकहरूलाई अपूरणीय क्षति पुग्न जाने देखिँदा सुविधा सन्तुलनको दृष्टिकोणबाट प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, हेटौंडाको मिति २०७०।१२।३ को निर्णय तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम यो अन्तरिम आदेश जारी हुने ।

इति सवत् २०७१ साल जेठ २९ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०७० सालको रिट नं. ०७०-WO-०८०३, उत्प्रेषण, *बटुकलाल श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत*

निवेदन व्यहोराबाट नै निवेदकको छोराको श्रीमती विपक्षीको निवेदनबाट अंशसम्बन्धी विषयमा जिल्ला प्रहरी कार्यालय, चितवनबाट निवेदकलाई धरपकड गरेको भन्ने देखिँदा सुविधा सन्तुलनको दृष्टिबाट सो कार्य रोक्नुपर्ने देखिँदा निवेदकलाई देवानी विषयमा लिएर कुनै किसिमको धरपकड र पक्राउसमेत नगर्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षी जिल्ला प्रहरी कार्यालय, चितवनको नाउँमा अन्तरिम आदेश जारी हुने ।

२०७१ साल जेठ १४ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल,** रिट नं. ०७०-WO-०८२२, उत्प्रेषणसमेत, *रामविलास मुसहरसमेत वि. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) आदेश, २०५४ अनुसार निवेदकहरूलाई सदस्य पदमा मनोनयन गरिएको र सो आदेशको दफा ३(३) अनुसार मनोनीत सदस्यहरूको पदावधि ४ वर्षको हुने र पुनः मनोनयन हुनसक्ने देखिन्छ । त्यसैगरी सोही आदेशको दफा ४ अनुसार सरकारले आवश्यक देखेमा राजपपत्रमा सूचना प्रकाशित गरी समितिमा सदस्यहरू थपघटसमेत गर्नसक्ने व्यवस्था गरेको देखिन्छ । निवेदकहरूलाई मिति २०७१।१।४ मा निष्काशन गर्ने निर्णय गर्नुपूर्व स्पष्टीकरणसमेत नसोधी प्राकृतिक न्यायको सिद्धान्तविपरीत मिति २०७१।१।७ को पत्रबाट निष्काशन गर्ने गरी पत्र दिएको देखिएको र निष्काशन गर्दा राजपत्रमा सूचना प्रकाशित गर्नुपर्नेमा सो कार्यविधिसमेत पूरा नगरी बिनाआधार कारण निष्काशन गरेको भन्ने निवेदकहरूको माग भएको हुँदा यो निवेदनको अन्तिम किनारा नभएसम्म हाल निवेदकलाई दिएको मिति २०७१।१।७ को पत्र कार्यान्वयन नगर्नु र यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकहरूलाई उक्त पदमा यथास्थितिमा काम गर्न गराउन दिनु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

## रीत/बेरीत आदेश

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RE-०००६, कर्तव्य ज्यान, *सिंहबहादुर तामाङसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू सिंहबहादुर तामाङ, साहिला तामाङ र पाल्देन तामाङले अनुसन्धान अधिकारी एवं अदालतमा समेत आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ । वारदातस्थलमा यी प्रतिवादीहरूको उपस्थिति नदेखिएको एवं मृतकलाई कर्तव्य गरी मार्नमा निजहरूको संलग्नता एवं षड्यन्त्रकारी भूमिकासमेत रहेको मिसिल संलग्न तत्काल प्राप्त प्रमाण कागजातबाट नदेखिएको अवस्थामा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अ.बं. ११८(२) बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।२।३ मा भएको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब, प्रतिवादीहरू सिंहबहादुर तामाङ, साहिला तामाङ र पाल्देन तामाङलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज प्रतिवादीहरूलाई अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए यस मुद्दाबाट अ.बं.४७ नं. बमोजिम तारिखमा राखी पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ साल जेठ १४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RE-०१५१, बैङ्किङ कसूर, *श्रीरामप्रसाद लामिछाने वि. नेपाल सरकार*

प्रतिवादी बैङ्कमा गैरकार्यकारी सञ्चालक रहेको अवस्थामा शेयरधितो राखी ऋणी विजयकुमार श्रेष्ठलाई ऋण प्रवाह गरेको देखिएको र निज ऋणीले आफूले लिएको ऋणको साँवा ब्याजसमेत चुक्ता गरिसकेको भन्ने प्रतिवेदक नेपाल राष्ट्र बैङ्कले पुनरावेदन सरकारी वकील कार्यालय, ललितपुरलाई मिति २०७०।५।२६ मा प.सं. बैंसुबि/एनबि डेस्क/विविध/६/७०/७१ को पत्र लेखी जानकारी दिएको तथा कर्जा दिने नेपाल बङ्गलादेश बैङ्कले पनि यी प्रतिवादी श्रीरामप्रसाद लामिछानेलाई मिति २०७०।५।२४ मा लेखेको Ref No. NB: LRD/813/2013 को मिसिल संलग्न पत्रसमेतबाट बैङ्कको ऋण चुक्ता भई फरफारक भइसकेको भन्ने देखिएकोले तत्काल प्राप्त प्रमाणबाट निज प्रतिवादी कसूरदार हो भन्ने विश्वास गर्ने मनासिब आधार विद्यमान रहेको नदेखिएको हुँदा निजलाई मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय २ बमोजिम थुनामा राखी पुर्पक्ष गर्न मनासिब नदेखिँदा मिति २०६९।८।१८ र मिति २०७०।६।७ को आदेश बदर गरिदिएको छ । पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा र यी निवेदक प्रतिवादीको उमेर ६४ वर्ष नाघिसकेको र निजलाई विभिन्न प्रकारको रोग लागी कारागारमार्फत विभिन्न अस्पतालबाट समय समयमा उपचारसमेत गराइरहेको देखिएकोले निजको शारीरिक र स्वास्थ्य अवस्थासमेतलाई विचार गरी हाल निजलाई मुलुकी ऐन, अबं ४७ नं बमोजिम साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७१ साल जेठ १४ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-RE-०१४८, बैङ्किङ कसूर, *श्रीरामप्रसाद लामिछाने वि. नेपाल सरकार*

- ०७०-RE-०१४९, बैङ्किङ कसूर, *श्रीरामप्रसाद लामिछाने वि. नेपाल सरकार*
- ०७०-RE-०१५०, बैङ्किङ कसूर, *श्रीरामप्रसाद लामिछाने वि. नेपाल सरकार*
- ०७०-RE-०१५२, बैङ्किङ कसूर, *श्रीरामप्रसाद लामिछाने वि. नेपाल सरकार*

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RE-०१४१, बैङ्किङ कसूर, *देवनारायण अनामणि श्रेष्ठ वि. नेपाल सरकार*

निवेदकलाई पुर्पक्षको निमित्त धरौट माग भई धरौटी रकमसमेत बुझाई सकेको अवस्था देखिएको र पुनरावेदन अदालत, पाटनको मिति २०७०।७।२९ को आदेशमा अ.बं. ६५ नं. बमोजिम वारेस राख्न अनुमति दिननपर्ने मुनासिब कारण उल्लेख भएको नदेखिएकोले उक्त आदेश बदर गरिदिएको छ । अब निवेदक/प्रतिवादी स्वयं उपस्थित हुनपर्ने अवस्था भई उपस्थित हुन आदेश दिएको अवस्थामा उपस्थित हुने गरी वारेस दिए लिई वारेस राख्न अनुमति दिनू ।

इति संवत् २०७१ साल जेठ २३ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RE-०२२६, अंश, *रूद्रबहादुर शाही ठकुरी वि. रत्नकुमारी शाही*

प्रतिवादी रत्नकुमारी शाहीको ललितपुर जिल्ला अदालतमा अंश माना चामलसमेतको मुद्दा दायर भएको कारणबाट निवेदक वादी रूद्रबहादुर शाहीको कास्की जिल्ला अदालतमा पहिले अंश मुद्दा दायर भई सोउपर पुनरावेदन अदालत, पोखरामा पुनरावेदन परिरहेको अवस्थामा अघिल्ला मुद्दा निवेदक रूद्रबहादुर शाही वादी भई चलेको अंश मुद्दा देखिएकोले पछि परेको मुद्दाको कारणबाट निवेदक रुद्रबहादुर शाही भई चलेको अंश मुद्दा मुलतवी राख्न मिल्ने नदेखिँदा पुनरावेदक रत्नकुमारी शाहीसमेत र प्रत्यर्थी निवेदक वादी रूद्रबहादुर शाही भएको मुद्दा त्यहाँ अदालतबाट मिति २०७०।९।२३ मा मुलतवी राख्ने गरेको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ मुल्तवीबाट जगाई कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल जेठ १६ गते रोज ६ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति